लेखापरीक्षण प्रतिवेदन

मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/7

श्रीमान् नगरप्रमुखज्यू,

मेलम्ची नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

"

(घनश्याम काफ्ले)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/7

श्रीमान् नगरप्रमुखज्यू,

मेलम्ची नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय-व्ययतर्फ रु.३ अर्ब ६३ करोड ८५ लाख ६२ हजारको लेखापरीक्षण गरिएको छ।लेखापरीक्षणबाट रु.९ करोड ४६ लाख ४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ करोड १३ लाख ३३ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.१६ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३३ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु.७ करोड ६८ लाख २२ हजार र पेश्की बाँकी रु.१४ लाख ५५ हजार गरी जम्मा रु.८ करोड ३२ लाख ७० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.३८ करोड ८६ लाख ४१ हजारमध्ये रु.७ करोड ९५ लाख ७५ हजार सम्परीक्षण भई यस वर्षको रु.८ करोड ३२ लाख ७० हजार थप समेत हालसम्म अद्यावधिक बेरुजु रु.३९ करोड २३ लाख ३५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तताप्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६५	३२	९,४६,०३,८४८	०	१३	१,१३,३३,३६७	०	६५	१९	८,३२,७०,४८१	१६,२३,६९७	७,६८,२२,२५६	३३,६८,६८६	०	०	८,०१,९०,९४२	१४,५५,८४२

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिन्धुपाल्चोक	३८,८६,४०,५४५	०	७,९५,७४,९३४	३०९०६५६११	०	८,३२,७०,४८१	३९२३३६०९२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	२४	सामुदायिक मेलमिलाप केन्द्र-	२,८१,०००
२	२०८१/८२	५४.३	सामाजिक सुरक्षा भत्ता तर्फः	१,१२,३८५
३	२०८१/८२	५२	समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम	४८,०००
४	२०८१/८२	४५.१	लक्षित समूह छात्रवृत्ति	४९,१००
५	२०८१/८२	२६.४	राजस्व व्यवस्थापन -	९,८८,८९४
६	२०८१/८२	१५	बैठक भत्ता-	१८,०००
७	२०८१/८२	१६	बीउ विजन वितरण कार्यक्रम-	४४,१६०
८	२०८१/८२	३५.१ र ३५.३	प्रदेश समपूरक अनुदान -	९७,९१,८२८
९	२०८०/८१	४५	स्थानीय रोजगार समिति	१५,३००

१०	२०८०/८१	५१.२	सेनिटरी प्याड	६,४९,९९६
११	२०८०/८१	५२	शिक्षा-संघीय ससर्ततर्फ	६,६९,९७२
१२	२०८०/८१	५२	शिक्षा-संघीय ससर्त	५,२६,९७५
१३	२०८०/८१	५४	शिक्षा-नगरपालिका चालु	२६,२१,७७४
१४	२०८०/८१	४८.१,४८.३	राजस्व	४,९७,५०,५०४
१५	२०८०/८१	२२	पेश्की बाँकी	१०,००,०००
१६	२०८०/८१	४९	पुँजिगततर्फ	६४,५२,७८१
१७	२०८०/८१	२४.२	पदाधिकारी वैदेशिक भ्रमण वापतको भुक्तानी	२६,४१०
१८	२०८०/८१	३३.१	कर कट्टिमा देखिएका व्यहोरा	२०,२५०
१९	२०८०/८१	५२.२	अस्पताल भवन निर्माण	१,५९,१८,५७२
२०	२०७९/८०	४२	विल भरपाइ पेश हुनु पर्नेः	५,००,०००
२१	२०७९/८०	५०	बैठक भत्ताः	१,२२,४००
२२	२०७९/८०	४९	पुस्तकालय ICT विज्ञान प्रयोगशालाको लागि अनुदान	१३,००,०००
जम्मा				९,०९,०८,३०१

मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक

(८०३२७४०२३००)

मेलम्ची नगरपालिका , सिन्धुपाल्चोक

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १३ वडा रहेको छ भने क्षेत्रफल १६०.६३ वर्ग किलोमिटर तथा ४१०६३ जनाजनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२७ देखि २०८२।६।२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकको आय - व्ययतर्फ रु.३ अर्ब ६३ करोड ८५ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४५४३८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	सिन्धुपुराना गाउँ मा विको शिक्षकको ग्रेड, छात्रवृत्तिबापत बढी भुक्तानी रकम असुली	२८६६०
२	जालपादेवी मा विमा पोशाक भत्ता बढी भुक्तानी	१००००
३	जनजाग्रीति मावि, भुमेश्वरी मावि, शिवपुरी आवि र सरस्वती माविलाई छात्रवृत्तिमा बढी भुक्तानी भएको	६७७८

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण** -

२.१ वित्तीय प्रतिवेदन - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण

आय			व्यय		
क्र.सं.	शीर्षक	रकम	क्र.सं.	शीर्षक	रकम
क.	अ.ल्या.		क. चालु खर्च खाता	नगरपालिका चालु खर्च	१६६१६८१६७
१	संचित कोष खाता	९८२४१९८८		शिक्षा शाखा	४५५७७०६६
२	विविध खर्च खाता	१९४०३००९		जन-स्वास्थ्य	२२५६५४६३
३	धरौटी खाता	३४७४७७३३		कृषि विकास शाखा	१०१२५३२८
४	प्रकोप व्यवस्थापन खाता	१२४१३१७		पशु विकास शाखा	६८६०४८२
ख.	अन्य कोषहरुको अ.ल्या.			महिला तथा बाल बालिका शाखा	५२८८०४८
१	कर्मचारी कल्याणकारी कोष	९२१९४५५		न्यायिक समिति	२२८१५१६
२	कृषि विकास कोष	६४३२७५१		विविध कोष	५००००००
३	गरिबी निवारण कोष	१६५९०३		वातावरण शाखा	२७२२४२
४	सामुदायिक स्वास्थ्य कोष	१६५९०३		आयुर्वेद	१९९३९७०
५	वातावरणीय व्यवस्थापन विशेष कोष	५६३२२६		लघु उद्यम	१६२०७५२
६	महिला तथा बालबालिका विकास विशेष कोष	२२१२४१		सहकारी शाखा	४४५३०
७	पर्यटन प्रवर्द्धन कोष	२०३२६९०९		संघीय शशर्त	३६८०४९६८५
८	विपद् व्यवस्थापन कोष	२६६५८२७८		प्रदेश शशर्त	११९८१५१४
९	मर्मत संभार विशेष कोष	१६९६४८६४		संघीय शशर्त फिर्ता	३५१३३८१५
१०	मेलम्ची क्षेत्रीय कोभिड-१९ रोकथाम र उपचार कोष	२४३९४		प्रदेश शशर्त फिर्ता	३००६४८६
११	कोरोना संक्रमण रोकथाम तथा उपचार कोष	७३९९५४	ख. पुजिगत खर्च खाता	नगरपालिका पुजीगत	४७२६३०६२९
१२	मेलम्ची नगरस्तरीय अक्षय कोष	७४११८७६		शिक्षा पुँजीगत	६९०९३३६
१३	मेलम्ची बाढी पिडित राहत तथा पुनस्थापना कोष	२५२९३९		कृषि पुँजीगत	२०००००
१४	लैङ्गिक हिंसा निवारण कोष	४७५०००		आयुर्वेद पुँजीगत	२०००००
१५	नगर शिक्षा कोष	१०३१४१८२		स्वास्थ्य पुँजीगत	५०००००
१६	शव वाहन सञ्चालन तथा व्यवस्थापन कोष	२२३६००		संघीय समपुरक अनुदान	१५००००००
ग.	वित्तीय हस्तान्तरण			संघीय विशेष अनुदान	१९३५९२७९
ग.१	आन्तरिक अनुदान खाता			प्रदेश शशर्त पुँजिगत	८७८१९७०
१	संघ समानीकरण	१६७३७०२४०		संघीय शशर्त पुँजिगत	३४००००
२	प्रदेश समपुरक	३००००००		प्रदेश विशेष अनुदान	२१८७६९१
३	संघीय समपुरक अनुदान	१५००००००		प्रदेश समपुरक	२९४५२३२३

४	संघ विशेष अनुदान	२४००००००		प्रदेश समपुरक फिर्ता	५४७६७७
५	प्रदेश सशर्त अनुदान पुँजीगत	१०६६००००		संघीय शशर्त पुँजिगत फिर्ता	९६००००
६	प्रदेश सशर्त अनुदान चालु	१४९८८०००		प्रदेश शशर्त पुँजिगत फिर्ता	१८७८०३०
७	प्रदेश समानीकरण समानीकरण	१९७७१०००		संघीय विशेष अनुदान फिर्ता	४६४०७२१
८	संघीय शशर्त अनुदान चालु	४०३१८३५००		प्रदेश विशेष अनुदान फिर्ता	४८१२३०९
९	संघीय शशर्त अनुदान पुँजीगत	१३००००००	ग.	कोष खाताहरुबाट भएको खर्च	
१०	प्रदेश विशेष अनुदान	७००००००		कर्मचारी कल्याणकारी कोषको खर्च	७३४१८१
	लागत सहभागिता कृषि	२१७७०९०		कल्याणकारीकोषको ब्याज आम्दानीको राजश्व खर्च	१९४७९
ग.२	बाँडफाँडबाट प्राप्त राजश्व खाता			कृषि विकास कोषको ब्याज आम्दानीको राजश्व खर्च	१२७५३
१	संघीय राजश्व(मूल्य अभिवृद्धि कर)	७९६९१३९१		कृषि विकास कोषको कार्यक्रम खर्च	३६७५६०८
	संघीय राजश्व(अन्तशुल्क)	३४४०३६३८		गरिबी निवारण कोषको ब्याज आम्दानीको राजश्व खर्च	३३३
२	जल विद्युत् रोयल्टी	४४०६८८१		सामुदायिक स्वास्थ्य कोषको ब्याज आम्दानीको राजश्व खर्च	३३३
३	राष्ट्रिय वन रोयल्टी	७५८५२८		वातावरणीय व्यवस्थापन विशेष कोषको ब्याज वापत राजश्व	११३७
५	प्रदेश राजश्व	१०१९३०८२८		नगर शिक्षा कोषको कार्यक्रम खर्च	१९५०००
६	स्थानीय राजश्व(विज्ञापन कर)	२२८५८१		नगर शिक्षा कोषको ब्याज आम्दानीको राजश्व खर्च	२०७०३
७	स्थानीय राजश्व(दहत्तर बहत्तर शुल्क)	२२४५६८६१९		महिला तथा बालबालिका विकास विशेष कोषको ब्याज वापत राजश्व	४४५
८	स्थानीय राजश्व(घर जग्गा रजिष्ट्रेशन शुल्क)	१०८८८३५५		पर्यटन प्रवर्द्धन कोष ब्याज वापत राजश्व	३८६३३
ग.३	आन्तरिक आम्दानी			पर्यटन प्रवर्द्धन सम्बन्धी क्रियाकलापको खर्च	५६५८५०१
१	सम्पति कर	२४७८३७०		मेलम्ची नगरस्तरीय बाल अक्षय कोषको ब्याज खर्च	३५२३९
२	घर बहाल कर	३५११५१८६		मेलम्ची नगरस्तरीय बाल अक्षय कोषको कार्यक्रम खर्च	२६४०००
३	व्यवसाय कर	१०८८७८७९		विपद् व्यवस्थापन कोषको ब्याज वापत राजश्व	३६०९७
४	बहाल बिटौरी शुल्क	२८९७२६०		विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि खर्च	३२२०६२१६

५	सेवा शुल्क	८३२७५८१		मर्मत संभार विशेष कोषको व्याज खर्च	१६०२४
६	दस्तुर	१८१९४८९		मर्मत संभार विशेष कोषबाट भएको खर्च	१७९९१९४३
७	भूमिकर(मालपोत)	२३८१२३८		शव वाहन सञ्चालन तथा व्यवस्थापन कोषको खर्च	११८०२०
८	दण्ड जरिवाना	१०६५००५	घ.	विभाज्य कोष	
९	जडिबुटी तथा कवाडी कर	१०१७७०	१	विज्ञापन कर प्रदेश दाखिला	१४६४८३
१०	बेरुजु	५०२४५९७०	२	विज्ञापन कर बाँडफाँडबाट प्राप्त राजश्व खाता दाखिला	२२४७९७२००
घ.	विभाज्य कोष		३	दहत्तर बहत्तर शुल्क मुल्य अभिवृद्धि कर	१०७०९२१४
१	विज्ञापन कर	३७५०६३	ङ.	धरौटी खाताबाट फिर्ता	१८४०३५५४
२	दहत्तर बहत्तर शुल्क	२३५२७७८३३	च.	विविध खर्च खाता खर्च	
ङ.	विभिन्न कोष खाताहरुमा आम्दानी तर्फ			सामाजिक विकास कार्यालय कार्यक्रम भुक्तानी	३५०२१३०
	कर्मचारी कल्याणकारीको कोषको ब्याज आम्दानी	१२९८५७		सडक बोर्डको योजना भुक्तानी	५६२१५१५
	नगरपालिकाबाट कल्याणकारी कोषमा जम्मा	५००००००		अन्य खर्च	१२६९७४२
	कृषि विकास कोषको ब्याज आम्दानी	८५०२२	छ.	बैंक मौज्दात	
	गरिबी निवारण कोषको ब्याज आम्दानी	२२२३	१	संचित कोष खाता	७९९१९३५७
	सामुदायिक स्वास्थ्य कोषको ब्याज आम्दानी	२२२३	२	धरौटी खाता	३३८१४९३७
	वातावरणीय व्यवस्थापन विशेष कोषको ब्याज आम्दानी	७५८०	३	प्रकोप व्यवस्थापन कोष	१२४१३१७
	महिला तथा बालबालिका विकास विशेष कोषको ब्याज आम्दानी	२९६९	४	विविध खर्च खाता	१७०९५२२९
	पर्यटन प्रवर्द्धन कोषको ब्याज आम्दानी	२५७३९३	ज.	विभिन्न कोषहरुको बैंक मौज्दात	
	जिल्ला प्रशासन कार्यालयबाट जम्मा	८७२५०००	१	कर्मचारी कल्याणकारी कोष	१३५९५६५२
	विपद् व्यवस्थापन कोष नगरपालिकाबाट जम्मा	८३०९५०	२	कृषि विकास कोष	२८२९४१२
	विपद् व्यवस्थापन कोषमा आन्तरिक मामिला मन्त्रालयबाट प्राप्त	१००००००	३	गरिबी निवारण कोष	१६७७९३
	विपद् व्यवस्थापन कोषमा ब्याज आम्दानी	२४०६४९	४	सामुदायिक स्वास्थ्य कोष	१६७७९३
	मर्मत संभार विशेष कोषमा ब्याज आम्दानी	१०६८२४	५	वातावरणीय व्यवस्थापन विशेष कोष	५६९६६९
	मर्मत संभार विशेष कोषमा कन्टिन्जेन्सी आम्दानी	९८८९७९८	६	महिला तथा बालबालिका विकास विशेष कोष	२२३७६५

	नगर शिक्षा कोषमा नगरपालिकाबाट जम्मा	५०००००	७	पर्यटन प्रवर्द्धन कोष	१४८८७१६९
	नगर शिक्षा कोषमा ब्याज आम्दानी	१३८०१८	८	विपद् व्यवस्थापन कोष	५२१२५६३
	नगरस्तरीय बाल अक्षय कोष ब्याज आम्दानी	२३४९२३	९	मर्मत संभार विशेष कोष	८९५३५२०
	शव वाहन सञ्चालन तथा व्यवस्थापन कोषमा आम्दानी	१६१५२०	१०	मेलम्ची क्षेत्रिय कोरोना-१९ रोकथाम तथा नियन्त्रण कोष	२४३९४
	धरौटी खातामा आम्दानी	१७४७०७५८	११	कोरोना संक्रमण , रोकथाम तथा नियन्त्रण कोष	७३९९५४
ङ.	विविध खर्च खाता		१२	लैङ्गिक हिंसा निवारण कोष	४७५०००
१	सामाजिक सुरक्षा फिर्ता आम्दानी	२६७६९७७	१३	मेलम्ची बाढि पिडित राहत तथा पुनस्थापना कोष	२५२९३९
२	सामाजिक विकास कार्यालयबाट	३५०२१३०	१४	मेलम्ची नगरस्तरीय बाल अक्षय कोष	७३४७५६१
४	पिएलजिएसपी शोधभर्ना	४३६५००	१५	नगर शिक्षा कोष	१०७३६४९७
६	सडकबोर्डबाट शोधभर्ना	१४७००००	१६	शव वाहन सञ्चालन तथा व्यवस्थापन कोष	२६७१००
च.	को ले नि का बाट निकासा भएका शीर्षक		झ.	को ले नि का बाट खर्च भएका शीर्षक	
१	सामाजिक सुरक्षा तथा संरक्षण	२२२०६३८१४	१	सामाजिक सुरक्षा तथा संरक्षण	२२२०६३८१४
२	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३१५९२६९५	२	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३१५९२६९५
३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालु	५१२३२५६	३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालु	५१२३२५६
४	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुँजीगत	७५३१६८४	४	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुँजीगत	७५३१६८४
५	रोजगार प्रवर्द्धन कार्यक्रम	२६३२०२	५	रोजगार प्रवर्द्धन कार्यक्रम	२६३२०२
६	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४९९४५०	६	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४९९४५०
कुल जम्मा		२०४५४३९२३४	कुल जम्मा		२०४५४३९२३४

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२२२०६३८१४।-,एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३१५९२६९५।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (चालु) रु. ५१२३२५६।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमल (पुँजित) रु. ७५३१६८४।-, रोजगार कार्यक्रम प्रवर्द्धनको रु.२६३२०२।- र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ५९९५५०।- समेत गरी रु.२६७१७४२०१।- सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.३

फरक हिसाब - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४३१३८७६१।- यस वर्षको प्राप्ति रु.४३१३८७६१।- फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२१०६५५७६१	१५६७७०९३७१	१५७९८४३५१२	१९८५२१६२०
एकीकृत आर्थिक विवरणअनुसार	२५३७९४५२२	१५२४५७०६१०	१५७९८४३५१२	१९८५२१६२०
फरक	४३१३८७६१	४३१३८७६१	०	०

३ **आन्तरिक नियन्त्रण प्रणाली तथा सेवा प्रवाह** -

३.१ **आन्तरिक नियन्त्रण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाइयो,

• पालिकाले सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो,

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

३.२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

३.३ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

३.४ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ। पालिकाले १४ पटक सार्वजनिक परीक्षण गराइ रु.६९९९००।- खर्च गरेको छ।

३.५ **सेवाप्रवाह**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकालेवाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो ।

विवरण	जम्मा
घटना दर्ता	२०५२
घरनक्सा पास	६४
पूर्वाधार विकास निर्माण	०.६ कि.मी.
कालोपत्रे सडक	१०.६८ कि.मी.
ग्राभेल सडक मर्मत	८.५४ कि.मी.

४ **बजेट तथा कार्यक्रम** -

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

४.२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाको उपप्रमुख श्री उमा प्रधानले मिति २०८१।३।९ मा रु.१ अर्व ६९ करोड ४७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।९ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

४.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा कुल ३०६ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. स	विवरण	योजना संख्या	रकम (रु. हजारमा)
१	रु.१ लाखभन्दा कमको योजना	०	०
२	रु. १ लाख एकदेखि ५ लाख सम्मका योजना	५५	४७३६
३	रु. ५ लाखदेखि १० लाख सम्मका योजना	१२१	८२४४१
४	रु.१० लाख देखि ५० लाख सम्मका योजना	११८	१७०१९७
५	रु. ५० लाख भन्दा माथिका	१२	२२२७१२
	जम्मा	३०६	४८००८६

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३०३ योजनामात्र कार्यान्वियन भई ३ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

४.४ **लक्ष्य प्रगति** - कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ।

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट (रु. हजारमा)**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	८४२९०	५३७८८	६३
२	सामाजिक विकास	५६०३३८	४८५७८९	८६
३	पूर्वाधार विकास	६८४२४१	४७९३१५	७०
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	६०५५६	२९०८९	४८
५	कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र	१९८११२	१५५४०८	७८
जम्मा		१५८७५३७	१२०३३८९	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ४८ प्रतिशत रहेको छ।

४.६ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु. हजारमा)				
		प्रथम	दोस्रो	तेश्रो	चौथो	आषाढ महिनाको खर्च
पुँजीगत खर्चतर्फ	५५५५६१	२६२८६	५५३७९	१०४६७७	३६९२१९	२४४२७८
प्रतिशत	१००.००	४.७३	९.९७	१८.८४	६६.४६	४३.९७

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ५५५५६१०००।- निकासा भएकोमा प्रथम त्रैमासिकमा ४.७३ प्रतिशत, दोस्रो त्रैमासिकमा ९.९७ प्रतिशत, तेस्रो त्रैमासिकमा १८.८४ प्रतिशत र चौथो त्रैमासिकमा ६६.४६ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र ४३.९७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५ **कानून निर्माण एवं कार्यान्वयन** -

५.१ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म २१ वटा ऐन, ४ वटा नियमावली, ३८ कार्यविधि ३ निर्देशिका, १ मापदण्ड गरी ६६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले ६६ वटै कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत राजपत्रमा प्रकाशन गरेको छ।

५.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यो वर्ष थप भएको २६ गरी कुल ३४ विवाद दर्ता भएकोमा २६ वटा मात्र फर्स्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

६ **सङ्गठन तथा कर्मचारी व्यवस्थापन**

६.१ **तलवी प्रतिवेदन**- निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले ४९ स्थायी कर्मचारीको रु. २७१६००९३ दरबन्दी भित्र ५४ नगरपालिका करार कर्मचारीको लागि रु २१८३५०८८ समेत तलव भत्तामा रु ४८९९५१८१ खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

६.२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १०८ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, शिक्षा अधिकृत, प्रशासन अधिकृत तथा महिला विकास अधिकृत सहित ११ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत

कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

६.३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई नगरसभा निर्णय गरी प्राविधिक ३४ कर्मचचारी न्यूनतम तलबको २५ प्रतिशतका दरले हुने रु.२६५१६५१।- र अप्राविधिक ९० कर्मचारी न्यूनतम तलबको १५ प्रतिशतका दरले रु.४०८३१५९।- गरी जम्मा रु.६७३४८१०।-प्रोत्साहन भत्ता खर्च गरेकोमा पालिकालाई थप व्यय भार पर्न गएको छ।कार्यसम्पादन सूचकको आधारमा प्रोत्साहन भत्ता भुक्तानी गर्ने प्रणालीको अवलम्बन गर्नुपर्दछ ।

७ सहकारी नियमन-

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १४३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा ६५ सहकारीले विवरण दाखिला गरेको, निष्कर्ष सहकारी ७८, समस्याग्रस्त सहाकारी १ र उजुरी परेको सहकारी १ रहेका छन् । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

८ गुरुयोजना-

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.५५५५६१२२८।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

९ जिन्सी व्यवस्थापन तर्फ-

९.१ **PAMS मा नचढाएको-** कार्यालयले खरिद गरेका सबै सामान तोकिए अनुसार PAMS (Public Assets Management System) मा अभिलेख जनाई आवश्यकता अनुसार खर्च लेख्नुपर्दछ । पालिकाले केन्द्रबाट खरिद गरिएका सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू गरी यस वर्षबाट जिन्सी व्यवस्थापन सुरु गरेतापनि पूर्ण रुपमा PAMS मा चढाएको पाईएन । त्यसैगरी वडा कार्यालयहरुबाट खरिदको याखिलाहरु समेत PAMS मा नचढाएको कारण पालिकाभरिको सम्पूर्ण सार्वजनिक सम्पत्ति तथा सोको मौद्रिक मूल्य सम्बन्धमा यकिन गर्न सकिएन। नेपाल सरकारको २०७७ कार्तिक २० गतेको निर्णय अनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जवाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न यो सफ्टवेयर ३ वटै सरकारले लागू गर्नुपर्ने जावेख गरेकोमा पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) वडाहरुबाट खरिद हुने सामानको हकमा लागू गरेको नपाईएकाले पालिकाले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सही तथा यथार्थ छ भन्नेमा पूर्ण रुपमा विश्वस्त हुन सक्ने अवस्था भएन । पालिका केन्द्र तथा वडाहरुबाट खरिद भएका सम्पूर्ण वस्तु तथा सेवा समेत चढाउने यस प्रणालीको पूर्ण रुपमा लागू गरी सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ ।

९.२ **जिन्सी प्रतिवेदन-** सरकारी सम्पत्ती तथा जिन्सी मालसामान व्यवस्थापन सम्वन्धमा दखिएका व्यहोरा देहाय अनुसार छन्। आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायीत्व निमावली २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखेको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी/ गराई स्वीकृत ढाँचा अनुसार नियम ९९ को उपनियम २ बमोजिम खुलाउनु पर्ने भनी उल्लेख गरिएका सबै कुरा खुलाइएको सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन।ऐनको व्यवस्था बमोजिम गर्नुपर्दछ।

९.३ **जिन्सी लिलाम मर्मत**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ उपनियम ३ तथा ४ र नियम १०६ मा जिन्सी मालसामानको मर्मत सम्भार संरक्षण र लिलाम विक्री गर्ने व्यवस्था रहेको छ। पालिकाले पछिल्लो पटक मिति २०६२ सालमा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी कारबाही गरेको छैन। नियमावलीमा उल्लेखित व्यवस्था र प्रकृया पुरा गरी लिलाम बिक्री तथा मिन्हा सम्बन्धी निर्णय गरी कारबाही टुग्याउनुपर्दछ ।

१० आर्थिक सहायता र अन्य विविध खर्च-

१०.१ **विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३७८९९५५।- खर्च गरेको छ।

१०.२ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १७२ व्यक्तिहरुलाई रु. ५ हजार देखि ५० हजार सम्मको दरले रु.२४३८४००।- आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३३०२९३०२२।- को ०.७३ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

११ अनुदानको अनुगमन -

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि तर्फ २४४६ जनालाई रु.९०२२२२०८।- र पशु सेवा तर्फ (८०२ भैंसी र गाइको पशु विमा अनुदान रु.७५२८४२।- र १३४० गाइ भैंसी सुत्केरी प्रोत्साहन अनुदान रु.२४४६६००।– प्रति भैंसी रु. २०००।- र गाई रु. १४००।-का दरले) सहित ४०११ जनालाई रु.१०९८११४०।- गरि रु.२०००३३४८।- अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

१२ कन्टिन्जेन्सी खर्चको अभिलेख-

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ। पालिकाले योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट प्रदेश तथा संघीय योजनामा ४ प्रतिशत र पालिकाको बजेटमा ५ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। पालिकाले आ.व २०८१।०८२ मा कन्टीन्जेन्सी बापत रु कट्टी गरी रु.२४९३९२३४।- खर्च गरेको छ। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन।

कन्टिन्जेन्सीको विवरण	खर्च रकम
ज्याला	७८९६४८
दैनिक भ्रमण खर्च	२०५०००
इन्धन	१००००००
मर्मत	९५५००
मसलन्द	१५५००००
खप्ने मालसामान खरिद	३५०००००
बैठक भत्ता र अनुगमन भत्ता	७०५०००
विविध खर्च	३००४२८८
मर्मत सम्भार कन्टिन्जेन्सी	१४०८९७९८
जम्मा	२४९३९२३४
मु.अ.कर. र अग्रिम आयकर बाहेक निर्माण खर्च	४९५८३३३०४
खर्च गर्न पाउने कन्टिन्जेन्सी	२४९३९२३४

१३ **परामर्स तथा डीपीआर खर्च -**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

कार्य विवरण	**परामर्शदाता**	**स्वीकृत रकम**	**खर्च रकम**	**अध्ययनबाट आयोजनाको लागत**	कैफियत
माझिगाउँ खानेपानी डिपिआर	नेक्स्ट ट्रेड लिङ्क प्रा.लि.	९६२६५८	९२८३४०	९६२६५८	कार्यसम्पन्न भएको
सुनाखानी स्वास्थ्य चौकी र सामुदायिक भवनको डीपिआर	आकार इन्जिनियरिङ सोलुसल एण्ड कन्स्ट्रक्सन प्रा.लि.	९२४०७२	८९९४२३	९२४०७२	बोलपत्र प्रक्रियामा गएको
खेलमैदान निर्माण वडा नं. १० डीपिआर	ईन्ट्रिगेटेड प्लानिङ एण्ड सोलुसन प्रा.लि.	१०५०४०७	९९९८२४	१०५०४०७	कार्यान्वयनमा नगएको
	जम्मा:	**२९३७१३७**	**२८२७५८७**	**२९३७१३७**	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।

१४ **चालु तथा कार्यक्रम खर्च-**

१४.१ **मसलन्दः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको

मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्ने भनी विगत वर्षमा समेत प्रतिवेदनहरुमा उल्लेख भएकोमा अध्यापी सुधार भएको पाइएन। पालिकाले यो वर्ष कार्यालयलाइ आवश्यक मसलन तथा कार्यालय सामाग्री खरिदको लागि रु १०००००००० विनियोजन गरेकोमा पटक पटक विभिन्न पार्टीहरुबाट खरिद गरी रु ९९६८१९३ खर्च गरेको देखिन्छ । पालिकाले यो वर्ष कार्यालयलाइ आवश्यक देहायअनुसारका मसलन्तद था कार्यालय सामाग्री खरिद गर्न देहयानुसारको आपुर्तिकर्ताबाट खरिद कार्य गरी भुक्तानी गरेको नियमित नदेखिएको रु

भौ. नं.	मिति	विवरण	रकम
३०	०६/०८/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	३६१६००
३२	०६/०८/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	६४१८४०
४२	०६/०९/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	८२४९००
८०	०६/१५/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	९८००००
१०५	०६/२१/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	९९४९६५
२१६	०७/२९/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	९९४७९६
२४५	०८/१०/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	७४९९९९
२७५	०८/२१/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	१०९६१०
३४१	०९/०५/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	१९८६५४
३४४	०९/०५/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	४३९८५२
४५७	११/१३/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	२३१६८५
४७७	११/२३/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	८५८८००
४७९	११/२३/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	७९०८६४
४८१	११/२३/२०८१	मसलन्द तथाकार्यालय सामाग्री	६२३६१८
७३८	०३/०३/२०८२	मसलन्द तथाकार्यालय सामाग्री	८०००००
			९६०११८३

अनियमित भएको	९६,०१,१८३

१४.२ **सूचना प्रकाशन खर्चः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने ब्यवस्था छ।त्यसैगरी विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ ।साथै विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क. मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण बापतको रकम सरकारी निकायले भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ग. को उपनियम (३) बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको विल वमोजिम नियम ५ख. बमोजिमको दररेटको आधारमा गर्नु पर्ने व्यवस्था रहेको छ।तर पालिकाले पत्रपत्रिका, छपाई तथा सूचना

प्रकाशन खर्चको लागि रु ३५००००० विनियोजन गरी रु ३२७०४३५ खर्च भएको मा माथि उल्लेखित प्रावधानको पालना गरेको देखिएन। पालिकाले उल्लेखित नियम पालनामा ध्यान दिनुपर्दछ।

१४.३ शून्य प्रगति भएका कार्यक्रमः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ को उपदफा १ मा उपाध्यक्ष/ उप प्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था रहेको छ। यसले आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेटको अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने लगायतको विषय उल्लेख भएको छ। पालिकाबाट बजेट तर्जुमा गर्दा पालिकाको आवश्यकता तथा खर्च गर्न सक्ने क्षमताको आधारमा आधारमा बजेट निर्माण गर्नुपर्नेमा पालिकाले ९२ वटा कार्यक्रम/ आयोजना/ क्रियाकलापमा रु ३३३२९००० बजेट विनियोजन गरेकोमा कार्यक्रम खर्च भएको पाइएन। पालिकाले बिनियोजन भएको बजेट पुरै खर्च गर्ने तथा खर्च गर्न सकिने कार्यक्रम निर्माणमा ध्यान दिनु पर्दछ।

१४.४ खेलकुद कार्यक्रमः

सार्वजनिक खरिद नियमावलीको नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोवास खर्च, कार्यालय खर्च, आवश्यक मालसमान, उपकारण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च, परामर्शदातले तालिम गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित बिषय यकिन नगरी खेलकुद संचालन गर्ने संस्था तथा व्यक्तिबाट कार्यक्रमको लागत अनुमान तयार नगरी, कार्यक्रम सञ्चालनको अख्तियारी नदिएको कार्यक्रमलाई विल तथा भरपाइको आधारमा भुक्तानी दिएको देखिन्छ। पालिकाले खेलकुद कार्यक्रम तर्फ रु १९८६००० विनियोजन भएकोमा रु १७८०२०४ खर्च गरेको देखिन्छ। पालिकाले खेलकुद कार्यक्रमको भुक्तानी दिँदा सार्वजनिक खरिद ऐन नियमको पालना हुने गरी लागत अनुमान तयार भएको कार्यक्रम सञ्चालनको अख्तियारी दिएका कार्यक्रमको मात्र भुक्तानी गर्नुपर्दछ।

१५ बैठक भत्ता-

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१६ बीउ विजन वितरण कार्यक्रम-

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **४४,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१७ लघु उद्यम तालिम-

सञ्चालनमा रहेका लघुउद्यमीहरुको झोला बनाउने सम्बन्धी ४० दिने स्तरोन्नती तालिमा सञ्चालन गरी सहायक चौथो कल्पना जिम्वाले पेश गरेको खर्चको विलभरपाई र फाँटवारी बमोजिम रु.४०६५५४ खर्च भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन

(क) तालिम सञ्चालन पश्चात उत्पादित सामाग्री दाखिला गर्नुपर्नेमा गरेको देखिएन। स्टोर दाखिला हुनुपर्दछ।

(ख) पेश भएको प्रतिवेदनमा तालिमको अवधी ४० दिन उल्लेख गरेको र ११ जना प्रशिक्षार्थी रहेको उल्लेख भएको र सोही दिनको गणानाको आधारमा प्रशिक्षक भत्ता, संयोजक भत्ता र खाना खाजाको विल वमोजिम फाँटवारी तयार गरी देहाय वमोजिम

रु.४०६५५४खर्च भुक्तानी गरेको देखियो। फाँटवारी परीक्षण गर्दा तालिम सञ्चालन ३३ दिन(मिति २०८२।१।२८,२९,३० र ३१ गते ४ दिन र जेठ महिनामा १ देखि २९ गते सम्म २९ दिन सञ्चालन भएको देखियो। ३३ दिनको गणनाको आधारमा रु.१७४९०० भुक्तानी हुनुपर्ने रु.२१२००० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.३७१०० असुल हुनुपर्ने रु.

खर्च शिर्षक	प्रतिदर रु	४० दिनको भुक्तानी रु	३३ दिनको भुक्तानी हुनुपर्ने रु	बढी भुक्तानी रु
प्रशिक्षक भत्ता फुलमाया तामाङ	५००	२००००	१६५००	३५००
संयोजक भत्ता कल्पना जिम्बा	३००	१२०००	९९००	२१००
प्रशिक्षक भत्ता केदार अडानी	७००	२८०००	२३१००	४९००
सहभागी खाजा ११ जनाको	२००	८८०००	७२६००	१५४००
प्रशिक्षक खाना २ जनाको	६००	४८०००	३९६००	८४००
प्रशिक्षक खाजा २ जनाको	२००	१६०००	१३२००	२८००
जम्मा		**२१२०००**	**१७४९००**	**३७१००**

असुल गर्नुपर्ने	३७,१००

१८ **लागत अनुमान तयार नभएको-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ५क बमोजिमको लागत अनुमान तोकिएबमोजिम स्वीकृत गरी गराउनुपर्नेमा पालिका र नुम्बुर नेटवर्क प्रा.लि. बीच २०८१।०३।३१ मा भएको सम्झौता बमोजिम पालिका वडा कार्यालयहरु १२, स्वास्थ्य संस्था१८, र नगरपालिका विषयगत शाखामा वार्षिक रुपमा इन्टरनेट सेवा उपलब्ध गराएबापत रु.१६२५८४४ भुक्तानी भएको छ। लागत अनुमान स्वीकृत नगरी कार्य गराएको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१६,२५,८४४

१९ **सोझै खरिद -**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ।नगरपालिकाले निम्नानुसारका निर्माण कार्य सोझै खरिद गरी कार्य गरेकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु.

	निर्माणव्यवसायीको नाम	कार्यक्रमको नाम	लागत अनुमान	सम्झौता अंक	भुक्तानी रकम
१	डि.एन.एस. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	वडा नं. ११ को फोहरमैला व्यवस्थापन केन्द्र	१०००००	९६८६००	९५९०१०
२	एस.टि.एम.निर्माण सेवा प्रा.लि.	१० नं. वडाको मोटरबाटो सरसफाई कार्य	४९७९९९	४७४७५९	४७४२८५
३	दिब्यक्षा कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	फोहरमैला व्यवस्थापन कार्य	१०००००	९५५९९३	९५५९९३
४	एस.आर.बि. विल्डर्स प्रा.लि.	वडा कार्यालय बडहरे सडक निर्माण	९९९७५५	९५३१००	९५२१४८
५	अविज निर्माण सेवा	शिखरपुर मन्छरे फलामे सडक निर्माण	६६५०१८	६३३९८३	६३३३५०
६	शान्ति एण्ड आश्विन कन्सट्रक्सन	७ नं. वडा भरको शाखा मोटरबाटो सरसफाई कार्य	६९९७०५	६६६३८६	६६६३८६
७	थाक्ले माहाकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	12 नं. वडाको सम्पूर्ण मोटरवाटो सरसफाई कार्य	४८३२५६	४६०७०४	४६०२४४
८	प्रियन्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	इलाका प्रहरी कार्यालय संरक्षण कार्य	१०००००	९५७७६४	९५२९९९
९	गोल्मेश्वोर निर्माण कम्पनी प्रा.लि.	अधेरीखोला देउराली भन्ज्याङ सिँचाई निर्माणको	७३८०४२	७०६४११	७०२८९७
१०	पि.के. ग्रुप अफ कन्स्ट्रक्सन प्रा.लि.	नगर चक्रपथ स्वास्थ्यचौकी उकालो खण्ड सडकस्तरोन्नती	९९१८५०	९५४०६५	९४४६१९
११	श्री देवी ट्रेड एण्ड सप्लायर्स	4 नं. वडा कार्यालयमा फर्निचर खरिद	७५७५३०	७२१४५७	७२१४५७
१३	ओमकार निर्माण सेवा	कर्कले बस्ती संरक्षण	९१०५९९	८७१५७३	८६७२३७
१४	युनिक कन्स्ट्रक्सन	नुवारखोला गोठडाँडा कटुञ्जे कृषि सडक स्तरोन्नती-११	८८८९०४	८५०८०८	८४६५७५
१५	जे.एस.पि. विल्डर्स	१४ नं. वडाको सडक सफा	९८७५४३	९४०५१७	९४०५१७
१६	यूल्चेगाङ कन्स्ट्रक्सन	गैरीथोक गैराटोल जाने बाटो	९३५३०९	८९२५५२	८९०७७०
१७	बुजान देवी निर्माण सेवा प्रा.लि	गोल्मेश्वरीधाम निर्माण	९३४७२९	८९१९९८	८९०२१८
१८	आविष्कार निर्माण प्रा.लि.	वडा नं. ११ को कृष्ण मन्दिरमा शौचालय निर्माण	९९९८५८	९५५१०३	९५२२४६
१९	युनिक एण्ड युनिश कन्स्ट्रक्सन प्रा.लि.	फट्टे तालामाराङ्ग सडक अन्तर्गत ग्रवेल तथा खाल्टाखुल्टी पुर्नेकार्य	९९८८८३	९५१३१७	९५१३१७
२०	डि.के.कन्स्ट्रक्सन	वडा नं. ११ र ३ को विभिन्न सडकको पहिरो पन्छाउने	३९३५८६	३७४८४४	३७४८४४

२१	नेशनल यूनिक विल्डर्स प्रा.लि.	विभिन्न सडकको पहिरो पन्छाउने कार्य	८३५८३०	७९६०२९	७९६०२९
२२	कपिल निर्माण सेवा	भुमेस्थान-गोल्मेस्थान चाङ्खु सडक मर्मत	१००००००	९६०६४३	९५९६८३
२३	युनिक कन्स्ट्रक्सन	फट्टेमा हेमपाईप राखी अस्थायी पुल निर्माण	१००००००	९७००९९	९६८१६३
२४	जुगल हिमशिखर कन्स्ट्रक्सन	फट्टेमा हेमपाईप राखी अस्थायी पुल निर्माण	४८९९०९	४६७५१३	४६६५८०
२५	आर.आर. विल्डर्स प्रा.लि.	मेलम्ची भोताङ सडक मर्मत कार्य	९३५६८८	८९२०२२	८९११३१
२६	दिपराज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	वडा नं. ६ तालामाराङ सडक खण्ड मर्मत	८६९७७४	८२९१८४	८२८३५६
२७	लवकुश कन्स्ट्रक्सन प्रा.लि.	मगरगाँउ पात्ले लागार्चे सडक मर्मत	९८३१९७	९३७३१४	९३६३७८
२८	ताराओम निर्माण एण्ड सप्लायर्स प्रा.लि.	वडा नं. ११ स्थित थरिटोल सठ्ठे सडक मर्मत कार्य	८८५४२९	८४४१०९	८४३२६६
२९	नौलिङ्गेश्वरी कन्स्ट्क्सन एण्ड सप्लायर्स प्रा.लि.	घलानटो गोरेटो बाटो निर्माण	२१८११९	२०८३५५	२०७७३२
३०	कामधेनु बिल्डर्स प्रा.लि	इन्द्रेश्वरी मा.वि.को रंग रोगन कार्य	१००००००	९६०४२८	९५५६५०
३२	सुर्य इन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	पिप्ले आयूर्वेदिक क्वाटर निर्माण	९६७५३४	९२२३८२	९२१४६१
३३	दुवाचौर निर्माण सेवा प्रा.लि.	मेलम्ची कटुन्जे सडक मर्मत तथा स्तरोन्नती	८९१२४१	८५०४९९	८४८८०१
३४	विकास कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	फटकेश्वर छाप भञ्याङ साँखु सडक र गिरानचौर भोटेचौर सडक मर्मत	९९७७२६	९५११६५	९५०२१५
३५	गोल्डेन कि कन्स्ट्रक्सन प्रा.लि.	मेलम्ची खाल्टेखोला राम्चेडाँडा सडक निर्माण	१००००००	९५६०२६	९५५०७१
३६	साङदेन कन्स्ट्रक्सन	वडा नं. १,९ र १३ मा पहिरो फाल्ने कार्य	९८३५२१	९३८५६०	९३६६८७
३७	एभरेष्ट इन्फ्रा प्रोजेक्ट प्रा.लि.	खाल्डेखोला काडादेवी शिवचोक रातमाटा गैरिगाँउ मेलम्ची सडक मर्मत	९७३४१७	९३१६९९	९२७०६४
३८	शिवराम कन्स्ट्रक्सन	मेलम्ची छापभञ्जाङ्ग साँखु र ठाटी छापभञ्याङ साँखु सडक मर्मत	८८३८९७	८४४३३२	८४१८०७
३९	रुक्मिनी इन्जीनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.	वडा नं. ६ र ७ जोडने तालामाराङ खोलामा हेमपाईप राखी अस्थायी पुलकल्भट निर्माण तथा ग्राभेल गर्ने कार्य	१००००००	९५४५८१	९५२६७६
४०	एन.बि.श्रेष्ठ कन्स्ट्रक्सन प्रा.लि.	तालामाराङ बतासे मेभञ्याङ सडक खण्ड मर्मत कार्य	९९७४१३	९५१८१७	९४९९१७
४१	बिजी वि कन्स्ट्रक्सन प्रा.लि.	वडा नं. २ स्थित भोटेचौर काउलेदोभान पिप्ले सडक खण्डको जिरोकिलमापहिरो पन्छाउने कार्य	३५१०५३	३३४६७०	३३४३३६

४२	ममुश इन्जिनियरिङ कन्सर्न प्रा.लि.	वडा नं. ११ स्थित हस्पिटल परिसरमा पहिरो नियन्त्रण तथा पन्छाउनेकार्य	४९६५४९	४७५२६९	४७२९०४
४३	काली माता कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	वडा नं. १० डाक्रे पधेरे हुँदै डुडेबेशी सडक मर्मत	६३४६६७	६०५०४९	६०४४४५
४४	जय भिमसेन कन्स्ट्रक्सन प्रा.लि.	वडा नं. ३ स्थित सुरङ्मार्ग निर्माण भएको कलभर्ट संरक्षण रघट्टेखोला,घोडघाङ खोला,जुगेपानी खोलामा ग्याविन मर्मत तथा संरक्षण	९९३८३४	९४८४०२	९४६५०९
४५	मेलम्ची पाँचपोखरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	मेलम्ची ६ र ११ को नदी नियत्रण कार्य	३९३०९८	३७५१२८	३७४३७९
जम्मा			३२९६४४६२	३४०८७२१४	३४००६३५२
				अनियमित भएको	३,४०,०६,३५२

२० **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले नगरपालिका करार अन्तर्गत शहरी स्वास्थ्य केन्द्रमा विभिन्न पदमा १४ जना करार कर्मचारी नियुक्ति गरी यो वर्ष तलब भत्तामा रु. ८६०४३१३ खर्च लेखेको छ। स्वीकृत दरबन्दीभन्दा बढी करार कर्मचारी नियुक्ति गरी खर्च लेखिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	८६,०४,३१३

२१ **कर्मचारी कल्याण कोष**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतिभर, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि दरबन्दीमा कार्यरत कर्मचारीले खाईपाई आएको तलबको दश प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ ।

सुरु मौज्दात	यो बर्षको आम्दानी	यो बर्षको खर्च	अन्तिम मौज्दात
९२१९४५६	५१२९८५७	७५३६६१	१३५९५६५२

ालिकाले कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गर्ने गरेको छैन् भने पालिकाले रकमान्तर गरी एकमुष्ट कर्मचारी कल्याण कोषमा रु. ५० लाख र सोको व्याज आम्दानी समेत रु.५१२९८५७ जम्मा गरेको छ । पालिकाले कोष संचालन सम्बन्धमा कानूनको व्यवस्था नगरि कर्मचारी कल्याण कोषमा रकम रकमान्तर गर्दा सम्बन्धित कर्मचारीको तलवबाट १० प्रतिशत कट्टी गर्ने र सोही अनुसारको रकम मात्र कल्याणकारी कोषमा दाखिला गर्ने प्रणालीको विकास गर्नुपर्दछ।

२२ **कृषि अनुदान-**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

कृषि तथा पशुपालन	रकम रु. हजारमा	अनुदान हिस्सा प्रतिशत	लाभान्वित कृषक/ फर्म/ समूह
स्प्रेयर सुरक्षित पहिरन	३९९.७०	५०	१३३
प्लास्टिक मल्चिङ	२४३.७५	७५	१८
विभिन्न तरकारी बिउ	२९५.५९	७५	२१८
प्लास्टिक टनेल	४८९.५	७५	४८
धान गहुँ बिउ	६६३.५१	५०	२१९
हर्मेटिङ भण्डारण ब्याग	४९३.८४	८५	१७६
तरकारी मिनिकिट सेट	४४८.७३	७५	८८५
कागती सुन्तल विरुवा	३९९.५०	१००	२६
निलो तुथो चुन प्रोटिन	३००.००	७५	३१
कृषि चुन	५९५.९	१००	८७
जिंक सुक्ष्म खाद्यतत्व	२८४.४६	७५	२६९
एल्लो इस्टिक ट्याप फेरोमेन ल्यूर सेट	७८३.५	१००	७१
मौरी घार	३९४.७७	५०	२५
च्याउको बिउ	२००	७५	१३
हल गोरु नगद अनुदान	१२००	१००	२४०
मिनिटिलर	३५९	८०	१७
फलामको फेर्म सहित सिँचाइ टनेल	५४९	५०	४
भकारो सुधार	१३७	-	२
गाई भैंसी सुत्केरी प्रोत्साहन	२४४७	-	१३३३
अदुवा बिउ खरिद	२४१	५०	३
फलामको फेर्म सहित सिँचाइ टनेल	२९५	५०	२
कृषि विकास तथा मत्स विकास कार्यक्रम	२९८६	५०	-
उत्पादनमा आधारित दुध प्रोत्साहन अनुदान	४७९५	-	-
माछा पोखरी निर्माण	२३०	५०	१
गोठ/ खोर निर्माण	१०९५	५०	१०
गोठ सुधार	१२१५	५०	९

अदुवा बिउ खरिद	२.५	५०	३
जम्मा	२१५४४.२५		३८४३

उपरोक्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमको लागि रु.२ करोड १५ लाख ४४ हजारको अनुदान ३८४३ जना लाभग्राहीलाई वितरण गरेको छ । लाभग्राही छनौट पारदर्शी एवम् प्रतिस्पर्धी विधि अपनाईएको र विगत वर्षहरुमा दिएको अनुदानमा दोहोरोपना आउन नदिने गरी अनुदान उपलब्ध गराईएको छ भनि आश्वस्त हुने गरी अद्यावधिक अभिलेख राखेको छैन। पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन। अनुदान सम्बन्धमा स्थानीय नीति तयार गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार भए नभएको यकिन गर्न समेत सूचांक प्राप्त हुने गरी अनुगमन प्रतिवेदन तयार गर्ने, वेबसाईटमा सार्वजनिकीकरण गर्ने, अनुदान वितरणको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

२३ **कानूनी सचेतना कार्यक्रम-**

सामुदायिक विद्यालय र समुदाय स्तरिय कानूनी सचेतनामुलक विविध कार्यक्रम संचालन गर्न नगरपालिका र सामुदायिक मेलमिलाप सेवा केन्द्र वीच २०८२/२/८ मा सम्झौता गरी संस्थाले पेश गरेको खर्चको फाँटवारी बमोजिम रु ४९९००० भुक्तानी गरेको छ। यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएका छन्।

१. सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ५क बमोजिमको लागत अनुमान तोकिएबमोजिम स्वीकृत गरी गराउनुपर्नेमा संस्थाले पेश गरेको प्रस्ताव बमोजिम भुक्तानी गरेको छ।नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार नगरी भुक्तानी गरेकोले अनियमित देखिएको रु ४९९०००

२. नगरपालिका र संस्थाविच भएको सम्झौताको बुदाँ नं २ मा कार्यक्रम सम्पन्न गरी सकेपछी तथ्य तथ्यांक सहित विस्तृत जानकारी तथा कानूनी सचेतना सम्बन्धी आवश्यक सुझाव दिने उल्लेख छ।संस्थाले १३ विद्यालय र १३ सामुदायिक केन्द्र ५८९ कार्यक्रम गरेकोमा खाजा खानाको विल, स्टेसनरीको विल र उपस्थीति व्यक्तिहरुको हाजिरी मात्र संलग्न गरी भुक्तानी गरेको छ।विद्यार्थीको विवरणमा कति कक्षा विद्यार्थीलाई संलग्न गराएको हो खुल्दैन। सामुदायिक केन्द्रका ५८९ र विद्यालयका ८४३ जनाको उपस्थिति जनाई संस्थाले पेश गरेको पस्ताव बमोजिम प्रशिक्षक पारिश्रमिक बापत ४ प्रशिक्षकलाई देहाय अनुसार १६४६०० भुक्तानी गरेको छ। के कस्ता विषयमा कुन कुन प्रशिक्षकले कुन मितिमा प्रशिक्षित गरेका हुन, प्रतिशेसन समय कति हो, कार्यतालिका संलग्न नगरी रकम बुझेको भरपाई मात्र संलग्न गरी भुक्तानी गरेकोले कार्यतालिका पेश गर्नुपर्ने रु

प्रशिक्षकको नाम	कक्षा सेसन संख्या	प्रति सेसन दर	बुझेको पारिश्रमिक रु	१५ % कर कट्टी	खुद भुक्तानी
प्र प्र अ झपेन्द्र राज खरेल	३	१६००	४८००	७२०	४०८०
ठाकुर प्रसाद चौलागाई	५०	१६००	८००००	१२०००	६८०००
यम ज्योति	३७	१६००	५९२००	८८८०	५०३२०
अग्नि कुमार दनुवार	१४	१६००	२२४००	३३६०	१९०४०

प्रमाण पेश नगरेको	१,६६,४००

२४ **सामुदायिक मेलमिलाप केन्द्र-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२८१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२५ **बालगृह तथा जोखिममा रहेका महिला उद्धार पुनर्स्थापना केन्द्र**

२५.१ (८८८-2082-03-19):

आपतकालिन पुनर्स्थापना गृह सञ्चालनको लागि नगर पालिका र महिला आत्मनिर्भरता केन्द्र को खर्चको फाँटवारी बमोजिम रु ४००००० भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

संघीय सरकार प्रदेश सरकार नगरपालिका र महिला आत्मनिर्भरता केन्द्र (मान्क) को संयुक्त लागत साझेदारीमा मान्क मार्फत रहने गरी संचालित बालगृह तथा जोखिममा रहेका महिला उद्धार तथा पुनर्स्थापना केन्द्र मेलम्चीलाई संचालन खर्चको लागि

निकास दिएकोमा संघ प्रदेश र अन्य निकायबाट समेत सोही कार्यको लागि खर्च भएको छ वा नगरपालिकाको मात्र हो दोहोरो खर्च भएको छैन भनी आश्वस्त हुन सकिएन। अतः मान्क बाट आव २०८१/०८२ लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

२५.२ मान्क नामक संस्थाले पेश गरेको प्रस्तावको आधारमा विभिन्न शिर्षकमा रु ४००००० निकासा दिएको छ।विभिन्न खर्च मध्ये कानुनी उपचार तथा परामर्श सेवामा प्रति महिना रु १५००० का दरले ५ महिनाको लागि ७५००० प्रस्ताव पेश गरेको र सोही बमोजिम कार्यालयले भुक्तानी दिएको छ।तर मान्क र अधिवक्ता सुनिता तामाङ बीच २०८१/११/५ मा सम्झौता गरी कार्य गराई पेश भएको भरपाई अनुसार प्रति महिना रु १०००० का दरले ५०००० र यातायात खर्च ५००० मात्र भुक्तानी दिएको देखिएकोले नाफामुलक संस्था नभएको आधार नगरपालिकाबाट उक्त शिर्षकमा रु ७५००० प्राप्त गरेकोमा रु ५५००० मात्र भुक्तानी दिएकोले खर्च नभएको रकम रु २०००० महिला आत्मा निर्भरता केन्द्रबाट असुल हुनपर्नेमा

असुल गर्नुपर्ने	२०,०००

२६ **राजस्व व्यवस्थापन -**

२६.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४७९०९५९९५।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु.३३०२९३०२२।- अर्थात अनुमान भन्दा ३१.०५ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

२६.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
६१०८५३७४०	३३०२९३०२२	५४.०७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५४.०७ प्रतिशत रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२६.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मकोआम्दानी
१	सम्पती कर	२८०००००	२४७८३७०
२	भुमिकर/ मालपोत	२६०००००	२३८१२३८
३	वहाल कर	३३०००००	३२९८२८६
४	वहाल विटौरी कर	३५०००००	२८९७२६०
५	सवारी साधन कर (सानासवारी)	०.००	३५००
६	व्यवसायले भुक्तानीगर्ने	०.००	३१२५००
७	कृषितथा पशुजन्यवस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०.००	५९६४०३
८	अन्य कर	५००००००	१७१०४०
९	अन्य निकायबाट प्राप्तलाभांश	०.००	३०००
१०	सरकारी सम्पत्तीकोवहालबाट प्राप्त आय	०.००	२१६९००
११	पर्यटन शुल्क	१००००	२०
१२	कृषि उत्पादनकोबिक्रीबाट प्राप्त रकम	०.००	५००
१३	अन्य बिक्रीबाटप्राप्त रकम	०.००	३९४०१८
१४	अन्य सेवा शुल्क तथाबिक्री	६००००००	१२०००
१५	न्यायिक दस्तूर	०.००	४३००
१६	परीक्षा शुल्क	०.००	१४९४५०
१७	अन्य प्रशासनिक सेवाशुल्क	०.००	१७७७०००
१८	नक्सापास दस्तुर	०.००	८३४८६४
१९	सिफारिश दस्तुर	०.००	४७२००४५
२०	व्यक्तिगत घटना दर्तादस्तुर	०.००	८४७५२५
२१	नाता प्रमाणित दस्तुर	०.००	१३२८००
२२	अन्य दस्तुर	२५०००००	६५३०५५
२३	व्यावसाय रजिष्ट्रेशनदस्तुर	०.००	२२४३३८०
२४	अन्य क्षेत्रको आय	१०१७७०	४२२२६५
२५	प्रशासनिक दण्डजरिवाना र जफत	१५००००	१०६५००५
२५	व्यवसाय कर	१३००००००	७७६४१२०
२५	बेरूजू	५००००००	५०२४५९७०
	जम्मा	२७०२५३४५६	८३६२४८१३

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२६.४

असुली गर्न बाँकी आन्तरिक आय – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार २ व्यवसायिबाट रु.१५६६५९७ असुल गर्ने बाँकी रहेको छ।

सि.नं.	नाम	आय ठेक्काको नाम	बाँकी रकम
१	आशा खनाल श्रेष्ठ, मेनपा ११	कोशेली घर बहाल कर	१३५०००
२	बज्र वासिङ सेन्टर, मेनपा १२	व्यवसाय कर र बहाल बिटौरी शुल्क	१४३१५९७
जम्मा			१५६६५९७

उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन। जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रु **९८८,८९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१५,६६,५९७

२६.५ **राजस्व बाँडफाँड** - स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ६२ (क) वमोजिम ढुङ्गा गिट्टी बालुवा गाउँपालिका वा नगरपालिकाले विक्रि गरी प्राप्त राजश्व आफ्नो संचितकोषमा दाखिला गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै प्रदेश आर्थिक ऐन,२०८१ को दफा ९(४) मा आर्थिक वर्ष २०८१।८२ मा प्रदेश भित्रको ढुङ्गा गिट्टी बालुवाको राजश्व असुल गरी विभाज्यकोषमा दाखिला गरी स्थानीय संचितकोषमा साठी प्रतिशत तथा प्रदेश संचितकोषमा चालिस प्रतिशत दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। यस पालिकाले यस वर्ष उक्त स्रोतबाट रु.२०८२१०४७२ आम्दानी गरेकोमा प्रदेश आर्थिक ऐन बमोजिम रु.८३२८४१८८ प्रदेशमा पठाएको पाइएन।

२६.६ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१०९१२९९०२।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

२७ **आय ठेक्का सम्बन्धमा-**

२७.१ **आय ठेक्काः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) समेतमाभएको व्यवस्था, संघ तथा बागमती प्रदेश सरकारको प्रचलित ऐन, कार्यविधी तथा मापदण्ड र मेलमची नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त कार्यविधी, २०७५ सम्बन्धि र मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा १३ को उपदफा १ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१÷८२ को आय संकलन (ढुंगा, गिट्टी, बालुवा लगायत नदी जन्य पदार्थ उत्खनन् संकलन, निकासी कार्य) का लागि पालिका र सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.सँग मिति २०८१÷०४÷०१ मा कर संकलनको बोलपत्र स्विकृत गरी ठेक्कामा उल्लेख भएको परिमाण २,९७,२२,८९२.८० घन फिटको कबोल अंक २०८२००२९४।९८ र सोमा १३% मूल्य अभिबृद्धि कर रु.२७०६६०३८।३५ समेत रु. २३५२६६३३३।३३ मा सम्झौता भएको छ । यस सम्बन्धमा निम्नानुसार व्योहोरहरु देखिएका छन् । मेलम्ची नगरपमालिका प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी २०७७ को दफा ४ को उपदफा ६ बमोजिम नदीजन्य पदार्थको उत्खनन, संकलन, विक्री तथा व्यवस्थापन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण गर्ने कार्यका लागि इन्जिनियरिङ प्रोफेशनल प्रारिटस कन्सल्टेन्सी प्रा.लि. ललितपुरलाई टि ओ आर तोकिएकोमा पेश भएको आइइ प्रतिवेदन स्विकृत भएको छ । आइइ प्रतिवेदनको आधारमा कोअर्डिनेट प्वाइन्ट उत्खनन्/ संकलन क्षेत्रको प्याकेज/ चेनेज नं. र प्याकेजको नाम र क्षेत्रबाट प्रति वर्ष उत्खनन्/ संकलन गर्न सकिने देहाय वमोजिम परिमाण ३२५२७५७०.८२ घनफिट र गत वर्षको मौज्दात ६८२९९.३९ समेत ३२५९५८७०.२१ घनफिटको प्रति घनफिट रु.९ का दरले न्यनतम रकम मु.अ.कर समेत रु.३३१५००००० कायम गरी मिति २०८१/ २/ ३२ मा प्रथम पटक सूचना प्रकाशन भएको देखियो ।

क्र.सं.	प्याकेज/ चेनेज नं.	प्याकेज/ चेनेजको नाम	प्रति वर्ष उत्खनन् गर्न सकिने परिमाण (घनफिटमा)
१	१	इन्द्रावती नदी मे.न.पा. वडा नं. १३ सिपाघाट दुनुवार गाउँ- ए क्रोन एग्रिगेट क्रसर उद्योग सम्मको क्षेत्र	४६४६५८७७
२	१	ए-क्रोन एग्रिगेट मे.न.पा. वडा नं. १३ ठूलो खोल्सी क्षेत्र	४७५२३५.७
३	१	ठूलो खोल्सी मे.न.पा. वडा नं. १३ फटकेखर क्षेत्र	४७१५४२६
४	२	मे.न.पा. वडा नं. १२ सिन्धुखोला देखि १ र ५ वरिपरिको क्षेत्र	१०४२८६२.७
५	२	इन्द्रावती फटकेखर देखि मे.न.पा. वडा नं. १२ सिन्धुखोला क्षेत्र	२३८७७५०.४
६	२	सिन्धुखोला देखि मे.न.पा. वडा नं. १२ बाहुनेपाटी सम्मको क्षेत्र	३१४९७९८.४
७	२	बाहुनपाटी देखि मे.न.पा. वडा नं. १२ ढकाल खहरे क्षेत्र	१५०५०४४.८
८	३	ढकाल खहरे देखि मे.न.पा. वडा नं. ११ डुडेखुला क्षेत्र	३१७७५१७.९
९	३	इन्द्रावती नदि तर्फ मे.न.पा. वडा नं. १० सहरेबगर क्षेत्र	४५७२२८८
१०	४	मेलम्ची दोभान देखि मे.न.पा. वडा नं. ९ खातडेखोला क्षेत्र	११७७९२८.६
११	४	मेलम्ची नदि तर्फ मे.न.पा. वडा नं. ७ जोड्ने पुल नगरपालिका सिमामा तालमराङ वरिपरिको क्षेत्र	४७२४६९७.६
१२	५	मे.न.पा. वडा नं. १३ को दाडखोलाको बाँया तर्फको माथिल्लो मे.न.पा. वडा नं. १२ को क्षेत्र	३००२४६.९
१३	५	मे.न.पा. वडा नं. १३ जर्केखोला क्षेत्र र मे.न.पा. वडा नं. ६ तालमराङ खोला दायाँ तर्फ माथिल्लो क्षेत्र	६५२१८६.१
		जम्मा स्वीकृत परिमाण घ.मि.	३२५२७५७०.८२
		गत वर्षको मौज्दात	६८२९९.३९
		कूल जम्मा परिमाण घ.मि.	३२५९५८७०.२१
		दर प्रति घ.मि.	९
		भ्याट बाहेक रु.	२९३३६२८३।८९
		भ्याट १३ प्रतिशत समेत रु.	३३१५०००००

उपरोक्त तालिकामा उल्लेखित पालिका क्षेत्र भित्र पर्ने इन्द्रवती नदी किनारामा रहेका स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदनले निर्धारण गरेका विभिन्न स्थानको ५ प्याकेजबाट आ.ब. २०८१/८२ मा ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको संकलन र विक्री गर्न सक्ने भनि निर्धारण गरेको कूल परिमाण ३२५९५८७०.२१ घन फिट नदीजन्य पदार्थको प्रतिघन फिट रु. ९ का दरले मु.अ.कर रसमेत गरी रु. ३३१५००००० ठेक्का अंक कायम गरी मिति २०८१/०२/०१ मा ३० दिनको अवधी राखी मध्यान्ह दैनिकमा प्रथम पटक, दोस्रो पटक मिति २०८१/०२/३२ मा १५ को अवधी राखी सोही अंक र परिमाणमा बोलपत्र सूचना आव्हान गरेको कुनै पनि बोलपत्र पेश नभएको र सोही समयमा बागमती प्रदेश सरकारले आर्थिक ऐन २०८१ मार्फmत आ.ब. २०८१/८२ को लागि ढुङ्गा, गिट्टी, बालुवा, ग्रामेल (स्वीकृत खानी क्षेत्र बाहेकमा) को बिक्रीदर रु. ९ बाट घटाई प्रति घन फिट रु. ७ कायम गरेको हुँदा कार्यपालिका मिति २०८१/०३/२० को निर्णय अनुसार सोही परिमाण र प्रति घन फिट रु. ७ ले ठेक्का अंक रु. २५७८३३३३३।३६ कायम गरी तेस्रो पटक २०८१/०३/२१ मा ७ दिनको, चौथो पटक मिति २०८१/०४/१४ मा पाँचौं पटक मिति २०८१/०५/१३ मा ठेक्का आव्हान गरेकोमा कुनै बोलपत्र पेश नभएको देखियो ।

पाँचौं पटकको बोलपत्र आव्हान गर्दा समेत बोलपत्र पेश हुन नआएको कारण नदिजन्य पदार्थको परिमाण घटाइ २९७२२८९२.८० घनफिट कायम गरी प्रति घनफिट रु. ७ का दरले मु.अ.कर समेत रु. २३५१०८०८२।०५ ठेक्का अंक कायम गरी पुनः छैठौं पटक २०८१/०६/०८ मा ७ दिनको अवधि तोकी सूचना प्रशासन गरेकोमा एकमात्र बोलपत्रदाता

सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि. का.म.न.पा. १४, बल्खुको बोलपत्र मूल्याङ्कनमा सारमूत रुपमा प्रभावग्राही देखिएको ठेक्का कवोल अंक रु. २३५२६६३३३।३३ (मु.अ.कर समेत) स्वीकृत भएको देखिन्छ ।

सम्झौता बमोजिम ठेक्का अवधी २०८१/०७/०४ देखि २०८२/०३/३१ सम्म ठेक्का अंक २३५२६६३३३।३३ (मु.अ.कर समेत) लाई ठेक्का रकम कायम गरिएको छ । २०८१/०४/०१ देखि ठेक्का सम्झौतामा उल्लेख भएका क्षेत्रहरुबाट २०८१/०७/०४ गते दिनको ३ बजेसम्म अमानताबाट उत्खनन भएको परिमाण ५७७६८५६.२० घनफीट र सो बापत संकलन भएको रकम ४५६९४९३३।०९ (मु.अ.कर सहित) घटाई खुद २३९४६०३६.५३ घनफिट र सो बापत मु.अ.कर सहित रकम रु. १८९५७१४००।२४ बुझाउने गरी सम्झौतामा उल्लेख गरिएको आधारमा ठेक्का बन्दोबस्त गरिएको छ ।

२७.२

परिमाण घटाई ठेक्काः प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिस गरिएको स्वीकृत परिमाणमा निर्धारित स्थानबाट नदीजन्य पदार्थ उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम ठेक्का बन्दोबस्त गर्नु पर्नेमा प्रतिवेदनले उल्लेख गरेको भन्दा परिमाण घटाई निम्नानुसार परिमाण कायम गरी ठेक्का बन्दोबस्त गरेको देखिएको ।

क्र.सं.	**विवरण**	**परिमाण घनफिट**
१	IEE प्रतिवेदनले उत्खनन् गर्न सकिने भनि उल्लेख गरेको परिमाण	२२५२७५७०.८२
२	मौज्दात देखिएको परिमाण (जोड गर्ने)	६८२९९.३९
३	(क) जम्मा	३२५९५८७०.२१
४	प्याकेज २ मा पर्ने वडा नं. १२ सिन्धुखोला पुल देखि सनमाला क्रस उद्योग सम्मको क्षेत्र उत्खनन् नहुने क्षेत्र (घटाउने)	१०४२८६२.६९
५	प्याकेज ४ अन्तरगत मेलम्ची दोभान देखि वडा नं. ९ खानीखोला सम्मको क्षेत्र उत्खनन् नहुने क्षेत्र (घटाउने)	११७७९२८.५६
६	प्याकेज ५ अन्तरगत वडा नं. ६ तालमराङ खोला दाँयाबाँया क्षेत्र उत्खनन् नहुने परिमाण	६५२१८६.५६
	(ख) जम्मा	**२८७२९७७.४१**
	जम्मा क-ख	**२९७२२८९२.८०**

२७.३ **IEE पुरक प्रतिवेदनः** वातावरण संरक्षण ऐन, २०७६ को दफा ११मा भएको पुरक वातावरणीय प्रभाव मुल्यांकन गर्नुपर्ने, सोही दफाको उपदफा (२) मा पूरक वातावरणीय प्रभाव मुल्यांकन गर्नको लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्नु परेको कारण र त्यसबाट वातावरणमा पर्न सक्ने परिसुचक बमोजिम तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याई सहित सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्ने र उपदफा ३ मा उपदफा २ बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गरी सम्बन्धित निकायले तोकिए बमोजिम वातावरणीय प्रभाव मुल्यांकन अध्ययन अनुमति दिनुपर्ने उल्लेख छ। पालिकाले नदीजन्य पदार्थ उत्खनन् परिमाण थपघट भएकोमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गरेको देखिएन।IEE प्रतिवेदनमा उल्लेखित वार्षिक संकलन/उत्खनन्को सिफारिस गरेको परिमाणलाई पालिकाले स्वीकृत गरी ठेक्का व्यवस्थाको पहिलो सूचनामा समेत सोही परिमाणलाई उल्लेख गरेकोमा छैठौं सूचना आव्हान गर्दा प्याकेज नं २, ४ र ५ का ३ क्षेत्रहरुबाट २८७२९७७.४१ घन फिट उत्खनन् नहुने भनी पालिकाको स्थानीय राजश्व परामर्श प्राविधिक अध्ययन समितिको स्थलगत अध्ययन, अवलोकन र वडा कार्यालयहरुबाट प्राप्त सुझाव अनुसार ति स्थानहरुबाट गत विगत वर्षमा समेत नदीजन्य पदार्थ उत्खनन नभएको भनी प्रतिवेदनमा उल्लेख भएको आधारमा परिमाण घटाइ ठेक्का व्यवस्था गरेको कारण सो परिमाणमा प्रति घनफिट रु ७ का दरले मुल्य अभिवृद्धि कर समेत रु २२७२५२५१ पालिकाको आन्तरिक आयमा कमी आएको छ। ऐनको व्यवस्था बमोजिम पूरक वातावरणीय प्रभाव मुल्यांकन गराई प्रतिवेदन प्राप्त गरी सोही प्रतिवेदनको आधारमा गर्नुपर्नेमा प्राविधिक समितिको प्रतिवेदनको आधारमा परिमाण घटाइ ठेक्का बन्दोवस्त गर्नुको कारण सहित पुस्ट्याइ पेश गर्नुपर्ने रु

अनियमित भएको	२,२७,२५,२५१

२७.४ **वर्षान्तको घाटगद्दी मौज्दातः** ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ७ मा उत्खनन् वा संकलनको परिमाण नियन्त्रण सम्बन्धी व्यवस्था छ । सोही दफाको उपदफा ५ मा नगरपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा क्रसर यार्ड, नदी किनारा तथा वनक्षेत्रमा भण्डारण गरी राखेको नदी जन्य पदार्थ जफत गरी लिलाम बिक्रि गर्ने व्यवस्था सम्बन्धित नगरपालिकाले मिलाउनु पर्ने उल्लेख छ ।

अभिलेखसँग सम्बन्धित अनुसूचीहरु स्थलगत मुचुल्का, नापजाँच विवरण, अनुगमन प्रतिवेदन, विभिन्न कागजातहरुको आधारमा तयार गरिएको पालिकाको विवरण अनुसार विभिन्न क्रसर यार्डमा आ.ब. २०८१÷८२ को असार मसान्तमा देशाय बमोजिम मौज्दात परिमाण ४६०६५२३८ घनफिट प्रमाणित गरिएको छ । उक्त परिमाणको बिक्रि मूल्य प्रति घनफिट रु. ७।- का दरले

मु.अ.कर बाहेक ३२२४५६६६७ कायम हुने देखिन्छ । पालिकाले नगर कार्यपालिकाको २०८२।३।२२ को निर्णय बमोजिम विभिन्न १० स्थानबाट सोही परिमाणमा लिलाम बढाबढ गर्ने प्रयोझनको लागि विभिन्न सर्तहरु तोकी २०८२।३।३२ मा सूचना प्रकाशन सम्बन्धि निर्णय समेत गरेको देखियो । उल्लेखित कानूनी व्यवस्था बमोजिम लिलाम बिक्रि गरी स्थानीय संघित कोषमा रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

हाल घाटगद्दी भएको स्थान	विवरण	दर प्रति घन फि	न्युनतम अंक भ्याट वाहेक
सिठ्वा वगर लहरेदेवी क्रसरको आसपास, मेलम्ची-१३	१२०३६४८.७९	७.००	८४२५५४१.५३
मेलम्ची ए कोन एग्रिगेट क्रसरको आसपास, मेलम्ची-१३	५४५११२५.५१	७.००	३८१५७८७८.५७
मेलम्ची फट्केश्वर इन्द्रावती क्रसरको आसपास, मेलम्ची-१३	८८११५९१.३५	७.००	६१६८११३९.४५
जाल्पा इन्फ्राष्ट्रक्चर क्रसरको आसपास, मेलम्ची-१३	३७१८११७.५४	७.००	२६०२६८२२.७८
सोना क्रसरको आसपास, मेलम्ची-१३	२३३८५५५.९७	७.००	१६३६९८९१.७९
गंगा इन्द्रावती क्रसरको आसपास, मेलम्ची-१३	८१७७२१.००	७.००	५७२४०४७.००
प्रतिष्ठित विजनेश प्रा लि को आसपास, मेलम्ची-१३	१७६२७४.०५	७.००	१२३३९१८.३५
पाल्चोकी माई इन्फ्राष्ट्रक्चर क्रसरको आसपास, मेलम्ची-१२	९६०५६२६.००	७.००	६७२३९३८२.००
पाल्चोक माई क्रसरको आसपास, मेलम्ची-१२	५९७२९३५.००	७.००	४१८१०५४५.००
बज्र वासिङ आसपास, मेलम्ची-१२	७९६९६४२.९६	७.००	५५७८७५००.७२
जम्मा	४६०६५२३८.००		३२२४५६६६७.२०

उपरोक्त तालिकामा उल्लेखित परिमाण एकिन गरी सुचना प्रकाशनको निर्णय गरेकोमा सो परिमाण यथार्थ परिमाणभन्दा बढी परिमाण नापजाँच भएकोले जिल्ला समन्वय समितिको कार्यालय सिन्धुपाल्चोकबाट इन्जिनियरको नेतृत्वमा २०८२ असोज २७ र २८ गते उक्त नदिजन्य क्षेत्रको मौन्दात रहेको नदीजन्य पदार्थको पुनः नापजाँच गराई प्राविधिक प्रतिवेदन प्राप्त गरेको छ। दोस्रो पटकको प्राविधिक नाँपजाँच बमोजिम प्रसोधन एवं विक्रि गर्न योग्य नदीजन्य पदार्थको मौज्दात २२६९२२३८ घन फिट कायम भएको प्रतिवेदन पेश भएको पालिकाले जनाएको छ। प्रथम पटक नापजाँचको प्राविधिक प्रतिवेदनले ४६०६५२३८ घनफिट र दोस्रो पटकको नापजाँचको प्राविधिक प्रतिवेदनले २२६९२२३८ घनफिट कायम गरी प्रतिवेदन पेश भएको देखियो। प्रत्येक पटकको नापजाँचबाट मौज्दात परिमाण फरक-फरक घनफिट कायम गरी प्रतिवेदन पेश भएकोले अप्रसोधित प्रसोधित वेस्ट मेटेरियल खुल्ने गरी नदीजन्य पदार्थको वास्तविक परिमाण प्रमाणित हुनुपर्दछ।

२८ उपभोक्ता समितिमार्फत कार्य

२८.१ **प्राविधिक बिल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। पालिकाले उपभोक्ता समितिहरुबाट सञ्चालित कतिपय योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। प्राविधिकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुका साथै नापी र कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

२८.२ **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
५४।०८१।७।१३	फटकशिला ग्रामिण खानेपानी तथा सरसफाई उप	ट्रान्सफर्मर मर्मत	१६७७८१
७६२।०८२।३।२५	रोक्काटोल खानेपानी योजना अधुरो	खानेपानी	७४८११६
७३५।०८२।३।२५	काउले दोभान फड्के निर्माण	फड्के निर्माण	९४६९५२
६६३।०८२।३।२३	मानेथोक सामुदायिक भवन निर्माण	भवन निर्माण	६६२०४२
६६८।०८२।३।२३	पञ्चकन्या बहुउद्देश्य सामुदायिक संस्था भवन	भवन	४६९४३००
३९५।०८२।१।२६	निगाले सामुदायिक भवन	भवन	५७००००

२९ **लागत अनुमान फरक -**

सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने सम्बन्धमा उल्लेख छ। सोहि नियमको उपनियम ७ मा निर्माण कार्यको लागत अनुमान अनुसुची १ को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्दा निम्नानुसारका कार्यमा सिमेन्ट, बालुवा, सडक ग्राभेलको दरमा भ्याट थप गरी लागत विश्लेषण गरी पुन भ्याट थप गरेकोले रु.१२९३१३ बढी लागत पर्न गएको देखिन्छ। निर्माण कार्यको लागत अनुमान बढी गरी कायम गरी कार्य गराएको नियमसम्मत नदेखिएको रु.

गो.भौ.न।मिति	काम	निर्माण व्यवसायी	हुनुपर्ने लागत अनुमान	भएको लागत अनुमान	फरक रकम
५८-०८१।७।१४	शिखरपुर मन्छरे फलामे सडक	अविज निर्माण सेवा	७७५२९६	८१३७९४	३८४९८
५७-०८१।७।१४	वडा कार्यालय बढारे सडक	एस.आर.विनिर्माण सेवा	९३६२५२	९५७५३२	२१२८०
७५६-०८२।३।२५	गोल्मेश्वरीधाम	बुजान देवी निर्माण सेवा	९२४८४१	९५६४४२	३१६०१
७५४-०८२।३।२५	गैरीथोक गैराटोल जाने बाटो	यूल्चेगाङ कन्स्ट्रक्सन	९१८७९३	९५६७२७	३७९३४
जम्मा					**१२९३१३**

अनियमित भएको	१,२९,३१३

३० **ट्याक कोट -**

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले फट्टे दाउचेत दुवाचौर सडक स्तरोन्नती कार्यमा स्पेसिफिकेसन अनुसार २७१७.७३ ट्याक कोट हुनुपर्नेमा ३६२३.६४ राखि सम्झौता गरेको देखिन्छ। स्पेसिफिकेसन भन्दा बढी ९०५.९१ ले १३८.४७ का दरले भ्याट समेत रु.१४१७४८ सम्झौता गरेकोले पछिल्लो रनिङ्ग बिलको भुक्तानी समयमा सम्झौतामा त्रुटी भएको तथ्याङ्कलाई सुधार गरी भुक्तानी गर्नुपर्दछ ।

३१ **पूरा अबधिको बिमा नगरेको -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने त्रुटी सच्याउने अवधि १३ महिना जोखिमसमेत ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा व्यवस्था छ। पालिकाले निम्नानुसारका निर्माण कार्यमा पुरा अवधिको विमा नगरी रु.१९०५८३ भुक्तानी गरेको छ। नियमावलीमा भएको व्यवस्था बमोजिम पुरा अवधिको विमा गरेपछि भुक्तानी गर्नुपर्दछ।

सि.नं.	ठेक्का नं.	निर्माण व्यवसायी	सम्झौता अवधि	विमा अवधि	विमा भुक्तानी
१	वडा सिमाना स्याङ्तानटोल हुँदै सुयलछाप मोटरबाटो	आर.एण्ड समृद्ध निर्माण एण्ड सप्लायर्स प्रा.लि	२०८१।८।१६-०८२।२।२९	२०८२।३।१५-४।१२	१२३४९
२	बाहुनेपाटी थाक्ले सडक वडा नं.१२	गेहेन्द्र लक्ष्मी/शान्ती र आश्वन जे.भी	२०८१।९।४-२०८२।३।१५	२०८२।१।१५ - ३।१५	१६८२३४
३	तालामाराङ हुँदै वडा कार्यालय जोड्ने सडक स्तरोन्नती	शुभारम्भ ईन्जिनियरीङ्ग कन्स्ट्रक्सन	२०८१।९।४-०८२।२।१५	२०८१।११।१८-०८२।२।१	१००००
				जम्मा	१९०५८३

३२ **रितपूर्बकको कर बिजक** –

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले निम्नानुसारका निर्माण व्यवसायीलाई भुक्तानी गर्दा कर विजक रितपूर्वक भएको देखिएन। रितपूर्वक कर विजक नभएको सप्लायर्सले मुल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

गोभौनं./ मिति	**भुक्तानी पाउनेको नाम**	**प्यान नं.**	**कर विजकको अवस्था**	**भुक्तानी रकम**	**मुअकर कर रकम**	**७० प्रतिशत मु अ कर**
२१-०८१।६।२०	डि.एन.एस कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	६०९९८२१५०	विजक नं हातले लेखेको -००७	९५९०१०	११०३२८	७७२३०
५१-०८१।७।११	दिब्यक्षा कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	६०९७७११८७	विजक नं हातले लेखेको -०५	९५५९९३	१०९९८१	७६९८७
३९३-०८२।१।२६	डि.एन.एस कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	६०९९८२१५०	विजक नं हातले लेखेको -००७	३९४२५४८	४४२८४२	३०९९८९
					जम्मा	**४६४२०६**
					प्रमाण पेश नगरेको	४,६४,२०६

३३ **पूर्व निर्धारित क्षतिपूर्ति कट्टी** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। नगरपालिकाले १५ शैया अस्पताल निर्माण कार्यको लागि सूर्य चन्द्र प्रेयरा जे. भी सँग सम्झौता गरी कार्य गरेकोमा समयमा कार्यसम्पन्न नभएकोले रु.१६१३८०६३ पूर्व निर्धारित क्षतिपूर्ति कट्टी गरी कोष तथा लेखा नियन्त्रण कार्यालयको धरौटी खातामा राखेको देखियो। कट्टी गरेको क्षतिपूर्तिबापतको रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने भनी गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा लगती वेहोरा कायम गरी उल्लेख गरेकोमा सुधार नभई स्थिति यथावत रहेको छ ।क्षतिपूर्ति रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

३४ **अस्पतालको लागि ट्रान्सफर्मर खरिद**-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ। ७९१-२०८२।३।२५ मा नगरपालिकाले अस्पतालको लागि नेपाल विद्युत प्राधिकरणसँग रु.८०७९५० मा ट्रान्सफर्मर खरिद गरेकोमा प्राधिकरणको विल, ट्रान्सफर्मर जडानको प्रतिवेदन, वारेन्टी तथा जिन्सी दाखिला भएको प्रमाण पेश भएको नदेखिएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	८,०७,९५०

३५ **प्रदेश समपूरक अनुदान -**

३५.१ प्रदेश समपूरक अनुदान

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **९,४८२,६९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३५.२ अनुदानको अनुपातमा बढी कन्टीन्जेन्सी खर्च- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ।नगरपालिकाले प्रदेश समपूरक अनुदानका योजनामा कार्य गर्दा कुल खर्चको ५० प्रतिशत प्रदेश सरकारबाट खर्च लेख्नुपर्ने र सोको आधारमा कन्टिन्जेन्सी खर्च कट्टी गर्नुपर्दछ। पालिकाले प्रदेश सरकारबाट समपूरक योजनामा कुल रु.१८०७७१६३ खर्च लेख्नुपर्ने र सोको ४ प्रतिशतले हुने रु.७२३०८६ कन्टीन्जेन्सी खर्च गर्नुपर्नेमा रु.२५१८२१६ खर्च गरेको देखियो। प्रदेशको खर्चको अनुपातमा खर्च लेख्नुपर्नेमा सोभन्दा बढी रु.१७९५१३० खर्च लेखेको प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१७,९५,१३०

३५.३ **प्रदेश समपूरकको कन्टिन्जेन्सी खर्च**

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **३०९,१३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३६ **पेश्की वाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तब्य हुने उल्लेख छ। नगरपालिकाले निम्न संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.९७८६८४२।- बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. १४५५८४२।- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

क्र.सं.	पेश्कीकोविवरण	पेश्कीलिने ब्यक्ती फर्म वा कम्पनीको नाम	म्यादननाघेको	म्यादनाघेको
१	दाउचेतक्यौरानी लाभगाउँ ककनी सडक स्तरोन्नती-८	डि एस इ पिएल-के सि एस पि एल जे.भी.	७५५०००	
२	जिरोकिलोसोतिखोला हैवुङ सडक स्तरोन्नती	सुर्मा - काली माता जे. भी.	२५०००००	
३	भोटेचौरठुलोपाटा फुस्रो माटो गिरान्चौर सिन्धुखोला मोटरबाटो स्तरोन्नती-१	बि.सि.टी.एस.सी.जेभी	१९५००००	
४	बासखर्कवडा कार्यालय घ्यौले सडक स्तरोन्नती-४	शुभारम्भईन्जिनियरिङ्ग कन्स्ट्क्सन एण्ड कन्सल्टेन्ट प्रा.लि	३८००००	
५	जनतामाध्यमिक विद्यालय छात्रावास निर्माण	सिन्धुकालीका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६८५०००	
६	मेलम्चीबजार पुरानो ढल व्यवस्थापन	फेमबिल्डर्स/ प्रफुल जे.भि.	२०६१०००	
७	विविधसार्वजनिक निर्माण	नेपालविद्युत प्राधिकरण मेलम्ची वितरण केन्द्र		१४५५८४२
		जम्मा	**८३३१०००**	**१४५५८४२**

पेश्की	१४,५५,८४२

३७ प्रतिविद्यार्थी लागत र शैक्षिक गुणस्तर

प्रतिव्यक्ति लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विद्यार्थी लागत देहायअनुसार रहेको छ

बजेट विवरण	बजेट रकम	खर्च रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
संघीय सरकार- सशर्त	३१३८५८०००	२८७५१८००३.७०	७५०५	४६६८५.८९
प्रदेश सरकार	१६०४८०००	१०२९५६५६		
स्थानीय सरकार	७५१८५०००	५२५६४०००		
जम्मा	४०५०९१०००	३५०३७७६५९.७०	७५०५	४६६८५.८९

शैक्षिक गुणस्तर

यस पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस.ई.ई परीक्षामा देहायको विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहायबमोजिम रहेको छ

एस.ई.ई परिक्षामा सहभागी जम्मा विद्यार्थी संख्या		उतीर्ण विद्यार्थी संख्या		उतीर्ण प्रतिशत		जी.पी.ए को अवस्था		
संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	जी.पी.ए	संस्थागत	सामुदायिक
२६	५००	२५	३६५	९६.१५	७३	३.६१-४.०० (A+)	१४	२५
						३.३१-३.६०(A)	११	८४

माथिको तालिकाहरु अध्ययन गर्दा यस पालिकाअन्तर्गत विद्यालयका प्रतिविद्यार्थी लागत वार्षिक रु. ४६६८५।८९ रहेको देखिन्छ भने शैक्षिक गुणस्तरतर्फ हेर्दा एस.ई.ई. परीक्षामा संस्थागत विद्यालयतर्फ २६ जना सहभागी भएकोमा २५ जना (९६.१५ प्रतिशत) उतीर्ण भएको देखिन्छ । सोमध्ये ३.६१-४.००(A+) जि.पि.ए. ल्याएर उतीर्ण हुने १४ जना छन भने ३.२१-३.६०(A) जि.पि.ए. ल्याएर उतीर्ण हुने ११ जना मात्र छन। सामुदायिक विद्यालयतर्फ ५०० जना एस.ई.ई. परीक्षामा सहभागी भएकोमा ३६५ जनामात्र (७३ प्रतिशत) उतीर्ण भएको देखिन्छ । सोमध्ये ३.६१-४.००(A+) जि.पि.ए. ल्याएर उतीर्ण हुने २५ जना छन भने ३.२१-३.६०(A)

जि.पि.ए. ल्याएर उतीर्ण हुने ८४ जना मात्र छन। यसरी सामुदायिक विद्यालयमा सरकारको लगानी भईरहँदा पनि शैक्षिक गुणस्तर कमजोर देखिन्छ। शैक्षिक गुणस्तरमा सुधार हुनेगरी शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

३८ शिक्षक दरबन्दी र पदपूर्ति

शिक्षा नियमावली २०५९ को नियम ९२ मा मन्त्रालयको स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दी अनुसूची १२ बमोजिम हुनुपर्ने कुरा उल्लेख छ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	विद्यालय सङ्ख्या	शिक्षक दरबन्दी सङ्ख्या	पदपूर्ती	पदपूर्तीमध्ये			विद्यार्थी संख्या
				स्थायी	राहत	करार	
१	६३	३९०	३३४	२०५	११८	११	७५०५

उल्लिखित विवरणअनुसार पालिकामा ६३ वटा विद्यालयमा ३९० शिक्षक दरबन्दी स्वीकृत गरेकोमा २०५ स्थायी, ११८ राहत र ११ करार गरी ३३४ नियुक्ति गरिएको छ भने ५६ जना शिक्षकको दरबन्दी पदपूर्ति गर्नुपर्ने देखिन्छ ।

३९ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१ पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । साथै सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालयहरु समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार ४१ विद्यालयमध्ये १० विद्यालयको यो वर्षको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

क्र.स.	विद्यालयको नाम	शिक्षक दरबन्दी	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री पञ्चकन्या आ.वि.	१	४	**१:०४**
२	श्री सरस्वती आ.वि. (ढ)	२	१०	**१:०५**
३	श्री कालिका आ.वि. (मुसुरे)	१	६	**१:०६**
४	श्री पञ्चकन्या आ.वि.	४	२६	**१:०७**
५	श्री निबुगाउँ आ.वि.	३	२२	**१:०७**
६	श्री कालिकाचेतना मा.वि.	९	२१२	**१:२४**
७	श्री बालसुधार मा.वि.	१५	४०५	**१:२७**
८	श्री ईन्द्रेश्वरी मा.वि.	२६	७२८	**१:२८**
९	श्री जालपादेवी मा.वि.	१४	४३१	**१:३१**
१०	तेर्से मा.वि	१४	४९१	**१:३५**

उल्लिखित विवरण अनुसार पालिकामा कुल शिक्षक संख्या ३३४ जना रहेकोमा विद्यार्थी संख्या ७५०५ रहेको छ । पालिकाका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात न्यूनतम १:०४ देखि अधिकतम १:३५ रहेको छ भने ६३ वटा विद्यालयलको औषत शिक्षक विद्यार्थी अनुपात १:२२ रहेको छ। पालिकाले यस आर्थिक वर्षमा विद्यालय मर्जरको कार्य आंशिक रुपमा गरेको छ।सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्दै गएको अवस्था देखिन्छ । आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक

दरबन्दी मिलानको कार्य गर्नुपर्दछ ।

४० **पाठ्यपुस्तक**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.४.६.२ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाब गरी पाठ्यपुस्तक अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले यो वर्ष ५८ सामुदायिक विद्यालयहरुलाई ७५ प्रतिशत हुने रकम पहिलो किस्ता र नपुगसमेत रु. ४१९२३५१।०० निकासा दिएकोमा कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लिखित व्यवस्था बमोजिम विद्यार्थी संख्या, विषयगत र कक्षागत पाठ्यपुस्तकको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको देखिएन ।विद्यालयहरुले पेस गरेको पाठ्यपुस्तक खरिदको बिलबमोजिम शिक्षा शाखाबाट सिफारिस गरेको आधारमा निकासा दिइएको छ ।सत्यापन नगरी रकम निकासा गरेकोमा विद्यार्थी संख्या, कक्षागत र विषयगत विवरणको आधारमा पाठ्यपुस्तक रकम निकासा गरिएको यथार्थ छ भनी आश्वस्त हुन सकिएन। पाठ्यपुस्तक रकम निकासा गर्दा कार्यविधिको परिपालना हुनुपर्दछ।

४१ **सेनीटरी प्याड**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८१।०८२ को क्रियाकलाप नं.२.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार गर्नुपर्ने, वार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था मिलाउने तथा प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने, विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउनुपर्ने, खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कायम हुने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।

सेनिटरी प्याड खरिदमा रु.२२ लाख ७३ हजार बजेट विनियोजन भएकोमा IEMIS अनुसार २१७९ विद्यार्थी देखाइएकोमा १९६० जनाको मात्र गणना गरी ८ महिनाको लागि प्रतिएकाइ दर रु.८४ (भ्याटसहित) मा रु.१९७५५१३ को २३५२० स्यानीटरी प्याड विराट हेल्थकेयर इण्डष्ट्रिज प्रा. लि. बाट खरिद गरेको छ। खरिद गरेकामध्ये १८५७१ वितरण गरी विद्यालयमा पठाएको र ४९४९ प्याड मौज्दात देखाएको छ ।कार्यक्रम कार्यान्वयन कार्यविधिमा १० महिनाको लागि खरिद गर्नुपर्ने भनी उल्लेख भएकोमा पालिकाले ८ महिनाको लागि मात्र पुग्ने खरिद कार्य गरेको, मौज्दात रहेको सेनिटरी प्याडको गुणस्तर कायम हुनेगरी भण्डारण व्यवस्था मिलाउनुपर्दछ ।

४२ **दिवाखाजा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदायिक विद्यालयमा बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीको लागि दिवाखाजा सम्बन्धी व्यवस्था छ। जसमा विद्यार्थीहरुलाई नियमित रुपले दिवा खाजा प्राप्त गर्ने वातावरणको सुनिश्चितता गर्न पहिलो त्रैमासिकको सुरुमै नै बजेट निकासा गर्ने र स्थानीय तहले दोस्रो त्रैमासिकदेखि बजेट निकासा गर्दा विद्यार्थीको भौतिक उपस्थितिमा पूरा समय विद्यालय सञ्चालन भएको दिन (परीक्षामा सामेल भएको दिन समेत) खाजा उपलब्ध गराइएका विद्यालयको स्थानीय तहले दिवा खाजाबापत रकम निकासा गर्दा विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भएपछि मात्र खाजाबापतको अनुदान उपलब्ध गराउने व्यवस्था छ।प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ । खाजाबापतको खर्च गर्दा यस पालिकाको अधिकांस विद्यालयहरुबाट विद्यार्थी संख्या र सो विद्यार्थी संख्याको पठाइएको हाजिरी प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितको अध्यक्षबाट प्रमाणित गरेर पठाएको देखिएन। पालिकाले दिवाखाजावापत विभिन्न समयमा दैनिक खाजाबापतको दर रु.१५ का आधारमा विद्यालयहरुलाई भुक्तानी भएको रकम रु. ९८५८००५ देखिन्छ। सबै विद्यार्थी सबै दिन उपस्थित भए भएन भन्ने यकिन गर्न विद्यार्थीको हाजिरी विवरण परीक्षण

गर्ने गरेको देखिएन। कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भएबमोजिम विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई अनुगमन गरी दिवा खाजावापतको रकम निकासा गर्नुपर्दछ ।

४३ **सामुदायिक सिकाइ केन्द्र-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि,आर्थिक वर्ष २०८१।८२ को दफा ६.७ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आवको खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेका यी पाँच मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुस्ट रु. ३ लाख रकम अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ।सामुदायिक सिकाइ केन्द्रले परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रु.१०००० का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्कमार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। यस पालिकाद्वारा सिन्धु सामुदायिक अध्ययन केन्द्रलाई १३०००० कार्यविधिले तोकेको कुनै पनि मापदण्ड पूरा नगरी परिचालिकालाई नगदै भुक्तानी गरेको नियमसम्मत नभएको रकम रु.

अनियमित भएको	१,३०,०००

४४ **आइ सिटी ल्याव र पुस्तकालय व्यवस्थापन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि आ.व २०८१।०८२ को क्रियाकलाप नं. २.७.१३.१३ को विद्यालयमा शैक्षिक गुणस्तर र सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा आई. सी. टी. व्यवस्थापन र ई पुस्तकालयका लागि विद्यालयहरुको छनौट गरी विद्यालयलाई प्रति विद्यालय ६५०००० का दरले अनुदान दिने व्यवस्था छ।पालिकाले उक्त कार्यका लागि देहायअनुसार चार विद्यालयलाई रु.२६००००० रकम अनुदान दिएको छ।

क्रस	विद्यालयकोनाम	अनुदान शीर्षक	अनुदान रकम
१	श्री महेन्द्रप्रिया आवि मेनपा-११	आइ सी टी ल्याव	६,५०,०००
२	श्री हैबुङ्गमहादेवस्थान मेनपा-३	आइ सी टी ल्याव	६,५०,०००
३	श्री जलवाइदेवीमावि मेनपा-८	आइ सी टी ल्याव	६,५०,०००
४	श्री थानाभञ्याङ आवि	ई पुस्तकालय/ पुस्तकालय	६,५०,०००

अनुदान दिएको रकम सम्बन्धित कार्यमा खर्च भई तोकिएबमोजिम सञ्चालन र व्यवस्थापनसम्बन्धमा समय समयमा अनुगमन गरी सोको प्रतिवेदन पेस गर्नुपर्नेमा पेस भएको छैन।

४५ **लक्षित समूह छात्रवृत्ति**

४५.१ लक्षित समूह विद्यार्थीका लागि छात्रवृत्ति

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१९,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४५.२ उल्लेखित विद्यालय वाहेक अन्य विद्यालयहरुको छात्रवृत्तिमा निकासा गरेकोमा कार्यविधि बमोजिम दोहोरो नपर्ने गरी वितरण गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गरी एकिन गर्नुपर्दछ

४६ **व्यावहारिक अभ्यास(OJT)**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८१।८२ को क्रियाकलाप नं २.७.१३.५० मा विद्यालयबाट भरिएको IEMIS प्रतिवेदनमा उल्लेखित विद्यार्थी संख्याको आधारमा लागत अनुदान दिन सकिने र त्यसैगरी प्राविधिक धारअन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्नको लागि व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका २०७३ बमोजिम कक्षा १० पछि ३ महिना कक्षा ११ पछि ३ महिना कक्षा १२ पछि ६ महिनाको व्यावहारिक अभ्यास गराउने तथा विद्यार्थी निर्वाह खर्च व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विद्यार्थीको बैड्क खातामा उपलब्ध गराउने व्यवस्था छ ।

पालिकाले ईन्द्रेश्वरी मा वि मा अध्ययनरत ८९ विद्यार्थीको लागि प्रतिमहिना रु.१००० का दरले व्यावहारिक अभ्यास गर्न रु.१०६८००० विद्यालयलाई निकासा दिएको छ । विद्यालयले विद्यार्थीलाई नगदै बुझाएको भर्पाइ पेस गरेको छ।कार्यविधिमा व्यवस्था भएबमोजिम कक्षा १०,११ र १२ अध्ययन गदकै अवस्थामा तोकिएको दरमा प्रत्येक वर्ष सम्बन्धित विद्यार्थीको खातामा रकम निकासा गर्नुपर्नेमा विद्यालयले सोबमोजिम नगरी सोही विद्यार्थीहरुलाई कार्यविधिमा उल्लिखित अवधि गणना हुँदा हुने अवधि १२ महिना अवधिको प्रत्येक वर्ष नदिइ कक्षा १२ मा अध्ययन गर्दाको अवस्थामा तीनवर्षको पाउने रकम अन्तिममा दिएको जनाएको छ । कार्यविधिमा उल्लेख भए अनुसार प्रत्येक वर्ष बैङ्क खातामार्फत भुक्तानी गर्नुपर्नेमा नगरी कक्षा १० देखि १२ कक्षा अवधिको एकैपटक भुक्तानी भएकोले गत विगतमा व्यावहारिक अभ्यास भत्ताबापत भुक्तानी भए नभएको पालिकाले अनुगमन गरी प्रमाण पेस गर्नुपर्ने रु.

व्यावहारिक अभ्यासमा भुक्तानी विवरण

क्र.सं.	विद्यार्थीको नाम	बुझेको रकम रु
१	विपिन गिरी	९०००
२	हरी बहादुर श्रेष्ठ	९०००
३	ईश्वर भारती	९०००
४	राजेश महरा	९०००
५	रिना दुलाल	९०००
६	रिन्जेन तामाङ्ग	९०००
७	रोहन श्रेष्ठ	९०००
८	सन्देश अधिकारी	९०००
९	सन्देश कुमार थारु	९०००
१०	शिसिर सापकोटा	९०००
११	सुचित अधिकारी	९०००
१२	सुदिप माझि	९०००
१३	सुजल श्रेष्ठ	९०००
१४	सुरज कार्की	९०००
१५	तेन्जेन लामा	९०००
जम्मा		१३५०००

प्रमाण पेश नगरेको	१,३५,०००

४७ **संस्थागत विद्यालयको छात्रवृत्ति**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिब अपाङ्ग महिला दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । शैक्षिक सत्र २०८० मा पालिकाभित्र रहेका २ वटा संस्थागत विद्यालयहरुमा अध्ययनरत ९४३ विद्यार्थीहरुमध्ये गरिब ३६ जना महिला ३३ जना दलित १९ जना र जनजाति २५ जना गरी कुल ११३ जना विद्यार्थीहरुलाई मात्र छात्रवृत्ति प्रदान गरेको विवरण प्राप्त भएको छ। यो संख्या कुल विद्यार्थीको संख्याको करिब ११.९८ प्रतिशत हो । पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

४८ **सूचनाको हक**

राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाण्डौँको प.सं.२०८१।०८२ च.नं. ४४२ को निर्णय कार्यान्वियनसम्बन्धी निर्णयानुसार सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचना हकसम्बन्धि नियमावली,२०६५ बमोजिम नागरिकको सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्नेसम्बन्धमा सूचना अधिकारी तोकेको कि नतोकेको, सूचनाको वर्गीकरण अद्यावधिक गरे नगरेको, तीन।तीन महिनामा स्वतः सूचना

प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित गरे नगरेको, वेव साइट भए नभएको वेवसाइट भएमा नियमित अद्यावधिक हुने गरेको नगरेको, सार्वजनिक निकायसँग माग भएको सूचनाको विवरणको छुट्टै अभिलेख राखे नराखेको सम्बन्धमा परीक्षण गर्न महालेखा परीक्षकको कार्यालयलाई पत्र लेखिएको छ। पालिकामा सूचनाको हकको कार्यान्वियनसम्बन्धमा परीक्षण गर्दा सूचना अधिकारी तोकेको, सूचनाको वर्गीकरण अद्यावधिक गरिएको, वेव साइट भएको, वेवसाइट नियमित अद्यावधिक हुने गरिएको, सार्वजनिक निकायसँग माग भएको सूचनाको विवरणको छुट्टै अभिलेख राखिएको, तीन।तीन महिनामा स्वतः सूचना प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित गरेको पाइयो। पालिकाले नागरिकको सूचनाको हको सम्बर्द्धन संरक्षण र प्रचलनमा निरन्तरता कायम राख्नुपर्दछ ।

४९ **प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगारीको अवस्था**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत सूचीकृत कूल १२०२ जना सूचीकृत बेरोजगार संख्यामध्ये १३ वडामा १३ वटा योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई औसत ९३ दिनले ७४४० दिन रोजगारी उपलव्ध गराई रु. ३५४३०७२।०० श्रमिक ज्याला खर्च गरेको छ ।पालिकाले सूचीकृत बेरोजगारहरुमध्ये ६.६५ प्रतिशतलाई मात्र रोजगारी उपलब्ध गराएको देखिन्छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ ।उक्त खर्चवाट ८० जनालाई मात्र लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएको देखिएकोले धेरै भन्दा धेरैलाई रोजगारी दिने गरी योजना कार्यान्वियन भएको तथा कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ: कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कार्य सञ्चालन गर्नुपर्दछ।

५० **औषधी खरिद**

पालिकाले औषधी खरिदसम्बन्धमा रु.२२४७१८१०।००(भ्याट रु.४९८८५२।०० सहित) लागत अनुमान मिति २०८१।०७।०४ मा स्वीकृत गरेको देखिन्छ । पालिकाले प्रकाशित सूचना अनुसार विद्युतीय बोलपत्रमार्फत दुईवटा G.H. Medicine Distributed Pvt. Ltd र P.S. Medicine Distributed Pvt. Ltd. औषधीको बोलपत्र भरी पेश गरेको देखिन्छ । जसमा कम दररेट पेश गरेको P.S. Medicine Distributed Pvt. Ltd. बाट देहायअनुसार निर्णय गरी खरिद गरेको देखिन्छ ।

यस सप्पलायर्सले बोलपत्रमा हस्तलिखित लेखिएको अङ्क रकममा रु.८१६३८००।०० (भ्याटबाहेक) रहेको तर सो रकमलाई जोड जम्मा गर्दा रु.१५३४००५०।०० रहेको तर Schedule of Requirements मा अङ्क र अक्षरमा रु.७९९१८००।०० दाबी गरेको रकमलाई नै आधार मानी मूल्याङ्कन समिति र डिस्ट्रिब्युटर्सबीचको आपसी सहमतिमा पालिकाले ६४.६६ प्रतिशत घटीमा १३४ प्रकारको औषधी तथा ३२ प्रकारको सर्जिकल सामान गरी कुल १७६ आइटम खरिद गरेको देखिन्छ । पालिकाले सम्बन्धित डिष्ट्रिब्यट्रसले पेश गरेको बीजक रकम र लागत अनुमान अनुसारको सबैभन्दा धेरै खरिद गरिएको औषधीको नमुनाको रुपमा कुनै १० आइटमको बोलपत्र कबोलको रकम र भुक्तानी रकमबीच तुलना गर्दा देहायअनुसार रहेको देखियो ।

क्र.सं.	औषधीको नाम	परिमाण	लागत अनुमान रु		खरिद भएको रु.		घटी प्रतिशत
			दर	रकम	दर	रकम	
१	Metronidazole 400mg	८००००	३.७५	३००००००	१.५१	१२०५६०	५९.७३
२	Ranitidine 150mg	३००००००	२.६४	४५००००	१.०६	३१७७९८	५९.८५
३	Metformin 1000mg	६००००	६.०८	३००००००	२.४४	१४६६५०	५९.८७
४	Azithromycin 500mg	५००००	२८.३३	१२५००००	११.३९	५६९२८८	५९.८०
५	Azithromycin 250mg	२००००	१७.२०	२२००००	६.९१	१३८२१०	५९.८३
६	Salbutamol 4mg (Oral Liquid)	४००००	६५.८८	१६००००	२६.४७	१०५८९४	५९.८२
७	Paracetamol 500 mg	३००००००	०.९७	२५५०००	०.३९	११७४२६	५९.७९
८	Cetirizine 10mg	१५००००	३.८५	३७५०००	१.५५	२३२२००	५९.७४
९	Amlodipine 5mg	१००००००	४.६०	४००००००	१.८७	१८७४३१	५९.३५
१०	Amoxicillin 500mg	६०००	७.७७	३६००००	३.०९	१८५६६३	६०.२३

यसरी पालिकाले औषधी ६४.६६ प्रतिशत घटीमा औषधी खरिद गरिएको र जम्मा भुक्तानी रकम पनि मूल्याङ्कन समिति र डिस्ट्रिब्युटर्सबीचको आपसी सहमति बमोजिम भए पनि आइटमवाइज चाँही सोही अनुसार गरेको पाइएन।

५१ न्यानो झोला

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेसिफिकेसन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गतका बर्थिङ सेन्टरमा यो वर्ष ३१७ प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाले यो वर्ष ५०० न्यानो झोला खरिद गरी रु.५०००००० खर्च लेखेको छ।खरिदमध्ये विभिन्न वर्थिङ सेन्टरहरुमा ३१७ थान वितरण गरी गत आ.व. को ११० र यो वर्षको मौज्दात १८३ समेत २९३ थान न्यानो झोला मौज्दातमा रहेको देखियो। खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरी प्रतिवेदन लिएको देखिएन। मौज्दातमा रहेको न्यानो झोलाको गुणस्तरमा ह्रास नहुने गरी भण्डारको व्यवस्था मिलाउनुपर्छ ।

५२ समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५३ निःशुल्क उपचार सहायता

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको

देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट १४३ जनाको लागि रु ७५४१८२३।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ ।

उपचारको किसिम	संख्या	रकम रु
क्यान्सर	१०१	४८१२९९३
स्पाइनल इन्जुरी	१४	७९५०००
मृगौला उपचार	३५	१९३३८३०
जम्मा	१५०	७५४१८२३

५४ **सामाजिक सुरक्षा भत्ता तर्फः**

५४.१ **अभिलेख अद्यावधिक-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३, ४ र ५ ले लाभग्राहीको नाम दर्ता, नवीकरण र लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी र अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।पालिकाले यो वर्ष ५६९८ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापत यस वर्ष कूल रु.२२२०६३८१४।- वितरण गरी खर्च लेखेकोमा देहायअनुसार वेहोरा देखिएका छन

•सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व. को कार्तिक मसान्तभित्र अनुसूची (२) बमोजिमको ढाँचामा सम्बन्धीत वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा लाभग्राहीबाट दरखास्त लिने गरेको देखिएन ।

• कार्यविधिको दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न स्थानीय समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा समिति गठन भएको र मूल्याङ्कनको कार्य भएको देखिएन ।

• कार्यविधिको दफा ३१ मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समीक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा पालिकाले लाभग्राहीहरुको विवरण सभामा पेश गरी समीक्षा गरेको देखिएन ।

• सोही कार्यविधिको दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुले समेत सार्वजनिक गरी राख्नुपर्नेमा दफा (३४) बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा वेभसाइटमा राख्ने तथा सार्वजनिक सुनुवाई गरेको देखिएन ।

तसर्थ: कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहीहरु दर्ता, नविकरण, लगतकट्टा समेतको अद्यावधिक अभिलेख तयार गरी सार्वजनिकीकरण गर्नुपर्दछ ।

५४.२ **नागरिकता नम्बर दोहोरो** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १२ मा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। सामाजिक सुरक्षा भत्ता वितरण अभिलेख परीक्षण गर्दा पालिकाले १४३ जना लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो देखिने गरी सामाजिक सुरक्षा भत्ता वापत रु.५७७६८५६।- भुक्तानी गरेको छ। नागरिकता नम्बर दोहोरो हुनुका कारण पालिकाबाट यकिन र लाभग्राहीको विवरण अद्यावधिक गरी भत्ता वितरण यथार्थपरक गरिनुपर्दछ ।

५४.३ **बैङ्कबाट फिर्ता हुन बाँकी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रु **११२,३८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५४.४ **निष्कृय खाता तथा लगत कट्टा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार एक आर्थिक वर्ष सम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ वमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्रचलित कार्यविधि अनुसार बैंक तथा वित्तीय संस्थाले निष्कृय खाताको विवरण उपलब्ध गराएका पाइएन। निष्कृय खातामा रहेको रकम नगरपालिकाले यकिन गरी संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक , मेलम्ची नगरपालिका , सिन्धुपाल्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	अशोक कुमार भट्टराई	२०८०-१२-२२	२०८१-०९-०५
कार्यालय प्रमुख	निमेष मिश्र	२०८१-९-७	हाल सम्म कार्यरत
लेखा प्रमुख	मुरारी पुडासैनी	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,७६९,१३६	७६,८२२,२५६	१३,५५६,६१४	०	०	१,४५५,८४२
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					९४,६०३,८४८
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					११,३३३,३६७
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					८३,२७०,४८१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२५३७९४५२३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	६१०८५३७४०	चालु खर्च	६८५९६९०६५
प्रदेश सरकारबाट अनुदान	८४५९६०९०	पूँजीगत खर्च	५६८३९९९६५
राजश्व बाँडफाँट	४५६८७६८२०	वित्तीय/अन्य व्यवस्था	५९२५४८५८४
आन्तरिक आय	८३७१९७४८		
अन्य आय	५५५५९८३१३		
कुल आय	१७९१६४४७११	कुल खर्च	१८४६९१७६१४
बाँकी मौज्दात		१९८५२१६२०	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		२३,९२,८१,३८८.७१	०	२३,९२,८१,३८८.७१	१९,१९,१५,५५३.७८	०	१९,१९,१५,५५३.७८
१३०००	अनुदान		६४,४४,७०,७९१.६६	०	६४,४४,७०,७९१.६६	६४,४८,००,१७४.६१	०	६४,४८,००,१७४.६१
१४०००	अन्य राजस्व		२९,२५,३९,९९४.०६	०	२९,२५,३९,९९४.०६	२९,०९,४०,४७९.०९	०	२९,०९,४०,४७९.०९
१५०००	विविध प्राप्ति		५,०२,४५,९७०.२१	०	५,०२,४५,९७०.२१	६,०२,००९.००	०	६,०२,००९.००
क	कुल जम्मा प्राप्ति		१,२२,६५,३८,१४४.६४		१,२२,६५,३८,१४४.६४	१,१२,८२,५८,२१६.४८		१,१२,८२,५८,२१६.४८
३	चालु		६४,७८,२८,७६३.२८	०	६४,७८,२८,७६३.२८	६३,९३,७२,४७९.९८	०	६३,९३,७२,४७९.९८
२१०००	पारिश्रमिक / सुविधा		४४,१७,०९,९२१.०७	०	४४,१७,०९,९२१.०७	४२,८७,२८,००२.१४	०	४२,८७,२८,००२.१४
२२०००	मालसामान तथा सेवाको उपयोग		१२,५६,३२,६३९.५१	०	१२,५६,३२,६३९.५१	१३,५४,३३,२२६.२०	०	१३,५४,३३,२२६.२०
२५०००	सहायता (Subsidy)		३,१९,१२,४२३.००	०	३,१९,१२,४२३.००	३,१९,१३,७२०.००	०	३,१९,१३,७२०.००
२७०००	सामाजिक सुरक्षा		२,३६,८८,८६६.००	०	२,३६,८८,८६६.००	२,४२,५७,८६९.००	०	२,४२,५७,८६९.००
२८०००	अन्य खर्च		२,४८,८४,९१३.७०	०	२,४८,८४,९१३.७०	१,९०,३९,६६२.६४	०	१,९०,३९,६६२.६४
४	पूंजीगत		५५,५५,६१,२२८.००	०	५५,५५,६१,२२८.००	६७,१७,२३,०६७.००	०	६७,१७,२३,०६७.००
३१११०	भवन तथा संरचना		८,३७,८५,७२५.००	०	८,३७,८५,७२५.००	११,६२,४१,८७५.००	०	११,६२,४१,८७५.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		४२,१५,०१७.००	०	४२,१५,०१७.००	९७,९८,२०८.००	०	९७,९८,२०८.००
३११३०	अन्य पूँजीगत		१८,८१,२१२.००	०	१८,८१,२१२.००	७३,९६,००५.००	०	७३,९६,००५.००

	खर्च							
३११५०	सार्वजनिक निर्माण		४६,४४,७१,७५१.००	०	४६,४४,७१,७५१.००	५२,९८,७८,०९९.००	०	५२,९८,७८,०९९.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		१२,०७,५२३.००	०	१२,०७,५२३.००	२७,४८,७०८.००	०	२७,४८,७०८.००
३११७०	पूँजीगत सुधार खर्च		०	०	०	५६,६०,१७२.००	०	५६,६०,१७२.००
ख)	कुल जम्मा भुक्तानी		१,२०,३३,८९,९९१.२८		१,२०,३३,८९,९९१.२८	१,३१,१०,९५,५४६.९८		१,३१,१०,९५,५४६.९८
ग)	बचत /कमी (ग = क-ख)		२,३१,४८,१५३.३६		२,३१,४८,१५३.३६	(१८,२८,३७,३३०.५०)		(१८,२८,३७,३३०.५०)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		(३,६९,५०,२७१.६७)		(३,६९,५०,२७१.६७)	३३,०८,१७२.४२		३३,०८,१७२.४२
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					-१,३६०.००		-१,३६०.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(१,३८,०२,११८.३१)		(१,३८,०२,११८.३१)	(१७,९५,२९,१५८.०८)		(१७,९५,२९,१५८.०८)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२१,०६,५५,७६१.५१		२१,०६,५५,७६१.५१	३९,०१,८४,९१९.५९		३९,०१,८४,९१९.५९
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा		१९,६८,५३,६४३.२०		१९,६८,५३,६४३.२०	२१,०६,५५,७६१.५१		२१,०६,५५,७६१.५१

	बैंक मौज्दात (ज= ङ+च+छ)								

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

• वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

• आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

• नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

• स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

• स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

• भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

• अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

• व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

• एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

• खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

• स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

• आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

• एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

• बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

• पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको

लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

• कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

• जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

• कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।